# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक ३३९  काठमाडौं  आइतबार, २५ चैत २०८०  Prabhab National Daily  Sunday, April 7, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सुवासको उत्तराधिकारी बन्न २० जना मैदानमा


डम्बर खड्का


सुहाङ नेम्बाङ


मिलन लिम्बू

■ प्रभाव संवाददाता

- इलाम–२ मा राजनीतिक दलबाट १२ र स्वतन्त्र आठ गरी २० उम्मेदवार
- केन्द्रीय नेताहरूको उपस्थितिमा उम्मेदवारी दर्ता
- एमाले उम्मेदवार सुहाङलाई माओवादी र विप्लवको दलको समर्थन
- पहिचान पक्षधर उम्मेदवार थेगिमलाई जसपासहित चार दलको समर्थन
- आज उम्मेदवारमाथि उजुरी र उजुरीबारे छानबिनको कार्यसूची

**काठमाडौं–** इलाम–२ मा आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि २० जनाको उम्मेदवारी परेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय इलामले जनाएअनुसार १२ जना राजनीतिक दलका उम्मेदवार छन् । बाँकी आठ जना भने स्वतन्त्र उम्मेदवार हुन् ।

राजनीतिक दलबाट उम्मेदवारी दर्ता गराउनेमा नेकपा एमालेबाट सुहाङ नेम्बाङ, नेपाली कांग्रेसबाट डम्बर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मिलन लिम्बू, नेकपा एकीकृत समाजवादीबाट जितबहादुर राई, जनमत पार्टीबाट प्रेमद्धिप थाम्सुहाङ, नेपाल मजदुर किसान पार्टीबाट श्यामबहादुर दर्जी, मंगोल नेसनल अर्गनाइजेसनबाट मनिबहादुर लिम्बू छन् ।

मुख्य निर्वाचन अधिकृत केशवप्रसाद घिमिरेले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट लक्ष्मी गुरुङ, राप्रपा नेपालबाट गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलन दलबाट जयवन्तविक्रम शाह, नेपाली जनता दलबाट रेशमबहादुर सुनार र नेसनल रिपब्लिकन पार्टीबाट धनराज रानामगरको उम्मेदवारी दर्ता भएको बताए । पहिचान पक्षधरबाट स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिमले उम्मेदवारी दर्ता गराएका छन्। (क्रमशः पृष्ठ २ मा)

## बझाङमा १२ उम्मेदवार

बझाङ प्रदेशसभा (१) मा हुने उपनिर्वाचनमा १२ जनाले उम्मेदवारी दिएका छन् । नेपाली कांग्रेसबाट अभिषेकबहादुर सिंह, नेकपा एमालेबाट दमनबहादुर भण्डारी, नेकपा माओवादी केन्द्रबाट जनकबहादुर बुढा, नेकपा एकीकृत समाजवादीबाट दिलबहादुर सिंह र जनता समाजवादी पार्टी (जसपा) बाट रामबहादुर जाग्रीले उम्मेदवारी दर्ता गराएका छन् । राष्ट्रिय मातृभूमि पार्टीबाट गजेन्द्रबहादुर थापा, संघीय लोकतान्त्रिक र ाष्ट्रिय मञ्चबाट दीपकबहादुर (क्रमशः पृष्ठ २ मा)

कांग्रेस मिसन

# रविमाथि प्रहार, गैरवामपन्थी सरकार !

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता सहकार्यबाट पाखा लगाइदिएपछि कांग्रेसको निरन्तर प्रहार उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि छ । संसद् बैठकमा होस् या सडकमा, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछानेविरुद्ध कांग्रेस क्रुद्ध छ । संसद्बाटै प्रधानमन्त्रीले जवाफ दिए पनि कांग्रेसको चित्त बुझेको छैन ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समिति सभापतिसमेत रहेका कांग्रेस सांसद रामहरि खतिवडाका अनुसार प्रधानमन्त्रीले सबै झूठ बोलेकाले चित्त नबुझेको हो । 'गृहमन्त्री सहकारी ठगी प्रकरणमा जोडिएका प्रमाणहरू असरल्ल छन् । पोखरामा उजुरी नै परेको छ तर प्रधानमन्त्रीले जसरी झूठा कुरा गरेर ढाकछोप गर्नुभयो, यस्तो जवाफ हाम्रा लागि चित्त बुझ्ने कुरै भएन,' खतिवडाले प्रभावसँग भने ।

गृहमन्त्री लामिछानेले भने खतिवडाकै समितिमा गएर लागेका आरोपको जवाफ दिएका छन् । उनले सहकारीपीडितहरूलाई सँगै राखेर कांग्रेस महामन्त्री गगन थापाको चुनाव क्षेत्र काठमाडौं–४ मा खुला बहस गर्न तयार रहेको भनेर चुनौती दिइसकेका छन् । कांग्रेसले भने संसदीय समितिमा बहसका लागि तयार रहेको जवाफ फर्काएको छ । लामिछानेमाथि दबाब बढाइरहेको छ ।


फाइल तस्बिर

> अहिलेको संसद्मा कम्युनिस्टहरु १२२ जना सांसद हुनुहुन्छ । तर, नेकपा एकीकृत समाजवादी पनि कम्युनिस्टसँग सन्तुष्ट छैन । यसले गर्दा ११३ जनामात्र कम्युनिस्ट सांसद हुँदा गैरकम्युनिस्टको पनि सरकार बन्न सक्छ भनेर बहस भएको छ ।
>
> ■ **एनपी साउद**
> **नेता, नेपाली कांग्रेस**

> सरकार ढलेको अवस्थामा कांग्रेसका लागि तीनवटा विकल्प आउने छन् । एक, गैरवामपन्थीको सरकार बनाउन बाटो खुला हुन्छ । अर्को एमालेसँग सहकार्य गर्ने परिस्थिति पनि बन्न सक्छ । तेस्रो, माओवादी केन्द्रलाई फेरि प्रयोग गर्न सक्ने छ ।
>
> ■ **डा. विष्णु दाहाल**
> **राजनीतिक विश्लेषक**

यसले कांग्रेसलाई दुईवटा फाइदा हुने विश्लेषकहरू बताउँछन् । पहिलो, कांग्रेसको मागअनुसार संसदीय समिति गठन भए गृहमन्त्री पदबाट लामिछानेले राजीनामा दिनुपर्छ । यसबाट कांग्रेसले राजनीतिक लाभांशमात्र प्राप्त गर्दैन, रास्वपा सरकारबाट बाहिरिने विकल्पहरू पनि खुला हुने छन् । दोस्रो, लामिछाने स्वयं कांग्रेससँग समझदारी गर्ने परिस्थितिमा पुग्न सक्छन् जसले गठबन्धनबाट निस्कने बाटो खुला हुने छ । यी दुवै परिस्थिति बने एमाले र माओवादी केन्द्रको सरकार ढल्ने छ ।

कांग्रेसको मूल ध्येय नै सरकार ढाल्ने हो । प्रधानमन्त्री दाहालले २१ फागुनमा गठबन्धन टुटाएपछि कांग्रेस नेताहरूले ३० दिनमै सरकार ढाल्ने चेतावनी दिएका थिए । तर, दाहाल सरकार ढलेन । सत्तासीन दलका नेताहरूको भनाइमा कांग्रेस गृहमन्त्री लामिछानेमाथि निरन्तर प्रहार गर्ने र सरकार ढाल्ने 'मिसन'मा छ ।

यदि, सरकार ढलेको अवस्थामा कांग्रेसका लागि तीनवटा विकल्प आउने राजनीतिक विश्लेषक डा. विष्णु दाहाल बताउँछन् । (क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

वैदेशिक रोजगारमा समस्या परेकालाई राहत

# तनहुँका १९२ जनाले पाए दुई करोड ३१ लाख

**दमौली (तनहुँ)–** वैदेशिक रोजगारीमा समस्यामा परेका तनहुँका १९२ जनालाई क्षतिपूर्तिस्वरूप दुई करोड ३१ लाख रूपैयाँभन्दा बढी राहत वितरण गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को पहलमा चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्यामा परेका उनीहरूले राहतस्वरूप उक्त रकम प्राप्त गरेका हुन् ।

वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु, उद्धार तथा जालसाजीमा परेका उनीहरूले सामी कार्यक्रमको समन्वयमा उक्त रकम प्राप्त गरेको कार्यक्रम संयोजक लुना रानाले जानकारी दिइन् । उनका अनुसार व्यास नगरपालिकाका ६७ जनाले ६१ लाख ९१ हजार रूपैयाँ, भानु नगरपालिकाका १६ जनाले एक लाख २० हजार, शुक्लागण्डकी नगरपालिकाका १५ जनाले ११ लाख, म्याग्दे गाउँपालिकाका २२ जनाले ४५ लाख ५० हजार रूपैयाँ क्षतिपूर्ति पाएका छन् । यस्तै भिमाद नगरपालिकाका २५ जनाले ६४ लाख ७९ हजार रूपैयाँ, बन्दीपुर गाउँपालकाका ११ जनाले दुई लाख, देवघाट गाउँपालिकाका ११ जनाले २१ लाख, आँबुखैरेनी गाउँपालिकाका चार जनाले ५० हजार, ऋषिङ गाउँपालिकाका १४ जनाले दुई लाख ५० हजार रूपैयाँ क्षतिपूर्ति पाएको उनले बताइन् ।

> वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु, उद्धार तथा जालसाजीमा परेका उनीहरूले सुरक्षित आप्रवासन कार्यक्रम (सामी) कार्यक्रमको समन्वयमा राहत रकम प्राप्त गरेका हुन्

तनहुँबाहेक अन्य ठाउँका सात जनाले २१ लाख रूपैयाँ क्षतिपूर्ति रकम पाएको संयोजक रानाले जानकारी दिइन् । जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा ११८ ठगीका, १४ मृत्यु, छ जेल, १२ करार उल्लंघन, १४ उद्धार र ६३ अन्य उजुरी परेका थिए ।

रानाले भनिन्, 'आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तह लगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सकिएको हो ।' सामी कार्यक्रम सञ्चालन भएपछि वैदेशिक रोजगारमा जाने र रोजगारमा ठगिएका, मृत्यु भएकाले राहत रकम पाउँदा पीडित परिवारलाई सहज हुने गरेको उनको भनाइ छ ।

### छ हजारभन्दा बढीलाई परामर्श

कार्यक्रममार्फत हालसम्म छ हजार छ सय ९१ जनालाई परामर्श प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व सुरक्षित रूपमा जानका लागि सर्वसाधारणलाई आवश्यक परामर्श प्रदान गरिएको हो ।

रानाका अनुसार व्यासका एक हजार ४५६, शुक्लागण्डकीका एक हजार ७३ तथा भानु नगरपालिकाका एक हजार १४, म्याग्देका ५१७, भिमादका ६७१, बन्दीपुरका ३९९, देवघाटका ३०४, घिरिङका ३८३, ऋषिङका ५५४ र आँबुखैरेनी गाउँपालिकाका ३२० जनालाई परामर्श सेवा दिइएको छ ।

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन २०७६ मंसिर १ गतेदेखि जिल्लाका चार र गत वर्षदेखि थप तीन स्थानीय तहमा सामी कार्यक्रम सञ्चालित छ । जिल्लाका व्यास, भानु र शुक्लागण्डकी नगरपालिकाका साथै म्याग्दे, भिमाद, देवघाट र बन्दीपुर गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ । (क्रमशः पृष्ठ २ मा)

# गणतान्त्रिक मञ्चको बृहत् वनभोज

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले बृहत् वनभोज कार्यक्रम सम्पन्न गरेको छ । मञ्चले शनिबार भक्तपुरको घ्याम्पेडाँडामा सांगीतिक कार्यक्रसहित वनभोज आयोजना गरेको हो ।

कार्यक्रममा वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेलगायतका उच्च अधिकारीहरूको पनि सहभागिता रहेको थियो । पूर्वश्रममन्त्री रामेश्वर राय, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव मेघनाथ भुर्तेलसहितका पदाधिकारी तथा कार्यसमिति सदस्यहरू, पूर्वअध्यक्षहरू एवं व्यवसायीहरूका विभिन्न जातीय, भेगीय र घटक संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

वनभोज कार्यक्रममा कलाकारहरू फुलकुमार बम्जन, श्याम राना मगर, सुमना थापा, संगीता थापा सारु मगरलगायतका कलाकारहरूले सांगीतिक एवं मनोरञ्जनात्मक प्रस्तुति दिएका थिए । वनभोज कार्यक्रममार्फत वैदेशिक रोजगार क्षेत्रलाई व्यवसायीमाझ साझा थलोको रूपमा विकास गर्न मञ्चले उल्लेख्य भूमिका निर्वाह गरेको संघका अध्यक्ष भण्डारीले बताए । उनले यस्ता कार्यक्रमले सम्पूर्ण व्यवसायीहरूमा सुमधुर सम्बन्ध स्थापना गर्नेमा आफू विश्वस्त रहेको बताए ।

वैदेशिक रोजगार व्यवसायी सदस्यहरूबीच आपसी सम्बन्ध प्रगाढ बनाउन र आत्मियता प्रकट गर्न वनभोज कार्यक्रमको आयोजना गरिएको मञ्चका अध्यक्ष धनलाल जैशीले बताए । 'व्यवसायीबीच आपसी सम्बन्ध र भाइचारा कायम गर्ने उद्देश्यका साथ पहिलेदेखि वनभोज कार्यक्रम आयोजना गर्न थालिएको हो,' उनले भने ।




## पृष्ठ १ बाट क्रमश:

### रविमाथि प्रहार...

एक, गैरवामपन्थीको सरकार बनाउन बाटो खुला हुन्छ । अर्को एमालेसँग सहकार्य गर्ने परिस्थिति पनि बन्न सक्छ । तेस्रो, माओवादी केन्द्रलाई फेरि प्रयोग गर्न सक्ने छ । यी तीनवटै विकल्प खुला हुँदा राजनीतिक फाइदा भने कांग्रेसले प्राप्त गर्ने छ । त्यतिबेला माओवादी र रास्वपाको राजनीतिक छविमा ह्रास हुने दाहालको विश्लेषण छ । त्यसैले, कांग्रेस अहिले एकैपटक दुईवटा गोटी चालिरहेको छ ।

उसो त राजनीतिक वृत्तमा चलेको चर्चालाई आधार मान्दा भारतले त्यहाँ लोकसभा चुनाव सकिएलगत्तै सरकार परिवर्तनमा चलखेल गर्न सक्ने सम्भावना छ । कारण, अहिलेको एमाले-माओवादीसहितको गठबन्धन भारतको चाहनाविपरीतको हो । उसले वर्तमान गठबन्धनलाई चीनसँग जोडेर हेर्दै आएको छ । यसले गर्दा असन्तुष्ट भारतीय संस्थापन पक्षले नेपालमा कांग्रेस नेतृत्वमा गैरकम्युनिस्ट सरकार बनाउन लागिपरेको विषय चर्चामा छ ।

२१ सिटे लामिछाने नेतृत्वको दल रास्वपा पनि गैरकम्युनिस्ट हो । त्यही भएर कांग्रेसले लामिछानेमाथि निरन्तर प्रहार गरेर अन्ततः झुकाएर आफ्नो कित्तामा उभ्याउन चाहेको राजनीतिक विश्लेषकहरूको टिप्पणी छ । संसद्मा कांग्रेस र रास्वपाबाहेक राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), डा. चन्द्रकान्त (सिके) राउत नेतृत्वको जनमत पार्टी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि गैरकम्युनिस्ट दल हुन् ।

रञ्जिता श्रेष्ठ चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा) पनि गैरकम्युनिस्ट हो । अहिले कांग्रेसले उक्त दलका संरक्षक रेशमलाल चौधरीमार्फत उन्मुक्तिलाई गठबन्धनबाट अलग गर्ने अधिकतम प्रयास गरिरहेको छ । जसले गर्दा कतै उन्मुक्ति पार्टी नै विभाजन त हुने होइन ? संशय पैदा भएको छ । यदि, गैरकम्युनिस्ट पार्टी उन्मुक्ति पनि कांग्रेस कित्तामा पुगे देशमा गैरवामपन्थी सरकार गठन हुने छ । यसैमा कांग्रेसले जोडबल गरिरहेको छ ।

कांग्रेस नेता खतिवडाले त बूढानीलकण्ठ-बालकोटबीच खासै दूरी नभएको भन्दै कांग्रेस-एमाले सहकार्यको सम्भावना पनि औंल्याए । २०७२ सालमा संविधान जारी भएको बेला तत्कालीन संविधानसभाको दुई ठूला दल कांग्रेस-एमालेबीच सत्ता सहकार्य भएको थियो । फागुनको अन्तिम साता एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई 'आउनुहोस्, कुरा गरौं । कुरै नचल्ने त हुँदैन होला' भनेका थिए । हाँसेर टाउको हल्लाएर हुन्छ भन्ने भाव देउवाले प्रकट गरेका थिए । यसकारण पनि अहिले गृहमन्त्री लामिछानेमाथि प्रहार गरेर अन्ततः सत्ता गठबन्धन ढलेको अवस्थामा कांग्रेस-एमाले सहकार्यको सम्भावनाबारे पनि चर्चा भइरहेको हो ।

तर, कांग्रेस केन्द्रीय सदस्य नारायणप्रकाश (एनपी) साउद आन्तरिक रूपमा वामपन्थभन्दा गैरवापमन्थी संसद्मा बहुमत भएकाले एकपटक छलफल गर्दा हुने भनेर बहस चलाउन सकिने बताउँछन् । 'अहिलेको संसद्मा कम्युनिस्टहरू १२२ जना सांसद हुनुहुन्छ । तर, नेकपा एकीकृत समाजवादी पनि कम्युनिस्टसँग सन्तुष्ट छैन । यसले गर्दा ११३ जना मात्र कम्युनिस्ट सांसद हुँदा गैरकम्युनिस्टको पनि सरकार बन्न सक्छ भनेर बहस भएको छ । सम्भावना भएको कुराबारे बहस छलफल हुनु स्वाभाविक हो,' साउदले भने ।

यदि संसद्मा भएका गैरकम्युनिस्टहरू एक हुने अवस्था आएमा भने सरकार बन्न सक्ने गणित छ । संसद्मा सरकार बन्न १३८ सांसद चाहिन्छ । यसभन्दा बढी सांसद गैरकम्युनिस्ट दलहरूका छन् । संघीय संसद्मा प्रतिनिधित्व गर्ने दलहरूमध्ये गैरकम्युनिस्टमा कांग्रेस ठूलो दल हो । कांग्रेसका ८८ सांसद छन् । त्यसपछि रास्वपाको २१ सिट छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका १४, जसपाका १२, जनमतका छ, लोकतान्त्रिक समाजवादी पार्टीका चार र नागरिक उन्मुक्ति पार्टीका चार जना सांसद छन् । दुई सांसद स्वतन्त्र छन् । यसरी संसद्मा गैरकम्युनिस्ट सांसद संख्या १५१ पुग्छ ।

कम्युनिस्टमा नेकपा एमालेका ७८, माओवादी केन्द्रका ३२, एकीकृत समाजवादीका १० तथा जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का एक-एक गरी १२२ सांसद छन् । नेमकिपा सदाबहार प्रतिपक्षमा रहने दल हो । जनमोर्चाले अवस्था हेरेर सरकारलाई समर्थन दिने र नदिने गर्दै आएको छ । वामपन्थी सरकारलाई समर्थन गर्ने गरेको जनमोर्चा यसपटक भने तटस्थ बसेको छ । तर, कांग्रेसले पहल गर्नेबित्तिकै गैरकम्युनिस्ट एक ठाउँमा जम्मा हुने अवस्था पनि छैन । जसपा सधैं वामपन्थीसँग नजिक हुँदै आएको छ । यसले गर्दा गैरवामपन्थी सरकार गठन पनि त्यति सहज भने देखिँदैन ।

■■■

### सुवासको उत्तराधिकारी...

अन्य स्वतन्त्र उम्मेदवारहरू डाकप्रसाद गौतम, अर्जुनबहादुर शाही, केशवकुमार चापागाईं, दीपेश बोहोरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बश्याल रहेका छन् । शनिबार उम्मेदवारी दर्ता गरेका उम्मेदवारविरुद्ध आज (आइतबार) बिहान १० बजेदेखि ३ बजेसम्म उजुरी दिने, ३ देखि ५ बजेसम्म मनोनयनपत्र र उजुरी जाँचबुझ गरी निर्णय गर्ने कार्यसूची रहेको छ । चैत २६ गते (भोलि) उम्मेदवारको नामावली प्रकाशन गर्ने, चैत २७ गते उम्मेदवारले नाम फिर्ता लिने, अन्तिम नामावली प्रकाशन गर्ने र चुनाव चिह्न दिने निर्वाचन कार्यतालिका रहेको मुख्य निर्वाचन अधिकृत घिमिरेले बताए । निर्वाचनअन्तर्गत मतदान भने वैशाख १५ गते हुने कार्यसूची छ ।

निर्वाचनमा यसपटक सत्ता नेतृत्व दल माओवादी केन्द्रले इलाम-२ मा एमाले उम्मेदवार नेम्बाङलाई समर्थन गर्ने भएको छ । नेत्रविक्रम चन्दको दल नेकपाले पनि नेम्बाङलाई नै समर्थन गर्ने निर्णय गरेको छ । अघिल्लोपटक यहाँ माओवादीले कांग्रेसका उम्मेदवार खड्कालाई समर्थन गरेको थियो । गएको चुनावको नतिजाअनुसार माओवादीसँग कम्तीमा पाँच हजार मत छ । चन्दको दलसँग भने कति मत छ भन्ने यकीन छैन । किनभने यो दलले अघिल्लोपटक चुनावमा भाग लिएन ।

पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार थेगिमलाई उपप्रधान तथा स्वास्थ्यमन्त्रीसमेत रहेका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी (नेसपा), कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र केपी पालुङ्वा नेतृत्वको राष्ट्रिय जनमुक्ति पार्टीको समर्थन छ । धरानका मेयर हर्कराज साम्पाङले पनि थेगिमलाई समर्थन गरेका छन् । उनले केही दिनअघि इलाम पुगेर थेगिमलाई मत मागिदिएका थिए । करिब आठ हजार मत 'होल्ड' गरेको बताइने किरात धर्मगुरु आत्मनन्द लिङ्देनको पनि थेगिमलाई समर्थन रहेको छ । थेगिमलाई लामो समय धर्मगुरु लिङ्देनले किरात धर्म तथा साहित्य उत्थान संघको अध्यक्ष बनाएका थिए ।

उम्मेदवारी दर्ताको क्रममा दलहरूले केन्द्रीय नेताहरूलाई इलाममा उतारेका थिए । एमालेले पूर्वउपसभामुख डा. शिवमाया तुम्बाहाङ्फे, कोशीका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की, सांसद महेश बस्नेत, माओवादीका पूर्वसांसद धिरेन्द्र शर्मा, नेता कान्छा लावतीलगायत नेताहरूको उपस्थितिमा नेम्बाङको उम्मेदवारी दर्ता गराएको थियो । नेम्बाङ बुबा सुवासचन्द्रको निधनपछि सोही क्षेत्रमा उम्मेदवार बनेका हुन् ।

कांग्रेसका उम्मेदवार खड्काको उम्मेदवारी दर्तामा केन्द्रीय सहमहामन्त्री भीष्मराज आङ्देम्बे, प्रचार विभाग प्रमुख मीन विश्वकर्मा, कोशीका पूर्वमुख्यमन्त्री उद्धव थापालगायत नेता थिए । रास्वपा उम्मेदवार मिलन लिम्बूको उम्मेदवारी दर्तामा उपसभापति डोलप्रसाद अर्याल, सहमहामन्त्रीहरू कबिन्द्र बुर्लाकोटी, विपीन आचार्य, सचेतक निशा डाँगीलगायत नेता थिए । नेकपा एकीकृत समाजवादीका उम्मेदवार राईको उम्मेदवारी दर्तामा पूर्वप्रधानमन्त्री तथा पार्टीका सम्मानित नेता झलनाथ खनाल, राप्रपा उम्मेदवार गुरुङको उम्मेदवारी दर्तामा अध्यक्ष राजेन्द्र लिङ्देन र वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायत नेता पुगेका थिए ।

■■■

### बझाङमा १२...

खड्का, नेपाल मजदुर किसान पार्टीबाट खगेन्द्रबहादुर शाही र नेसनल रिपब्लिक पार्टीबाट कमल घर्तीमगरको पनि उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृत सुदर्शन लामिछानेले जानकारी दिए ।

उनका अनुसार जनमत पार्टीबाट सुशीला विष्ट, नेपाली जनता दलबाट अशोक सुनार र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट किशोर कुमार खड्काले उम्मेदवारी दर्ता गराएका छन् । सडक दुर्घटनामा परी सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिलामन्त्रीसमेत रहेका सांसद पृथ्वीबहादुर सिंहको निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचन आगामी १५ वैशाखमा हुने छ ।

■■■

### तनहुँका १९२...

सामी कार्यक्रममार्फत विदेश जाने र विदेशबाट फर्किएका युवायुवतीलाई परामर्श सेवा प्रदान गर्ने गरिएकामा यो प्रभावकारी बनेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताए ।

गण्डकी प्रदेशका जिल्लामध्ये वैदेशिक रोजगारीमा जाने तनहुँ उच्च जिल्ला रहेकाले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यक्रमले सहयोग पुगेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शैलेन्द्र मिश्रले बताए । उनका अनुसार चालु आव तनहुँबाट श्रम स्वीकृति लिएर विदेश जानेको संख्या १३ हजार नौ सय ५१ छ । त्यसमध्ये महिलाको संख्या एक हजार ३९० छ । *रासस*

# ठमेलबाट सुरु गरियो कामपाको 'विशेष सफाइ' अभियान



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले बर्खायाममा फोहोरका कारण सिर्जना हुनसक्ने जोखिम घटाउन 'विशेष सरसफाइ'बाट पूर्वतयारी थालेको छ ।

वडा नं २६ ठमेल क्षेत्रबाट कामपाले पूर्वतयारीअन्तर्गतको सरसफाइको काम थालेको हो । सफाइका क्रममा धुलो टिप्न र पानी छर्कन ब्रुमर र सडक पखाल्न जेट मेसिनको प्रयोग गरिएको महानगरको वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार सफाइ कार्यक्रममा वडा कार्यालय, वातावरण व्यवस्थापन विभाग, महानगर प्रहरी बल, नेपाल प्रहरी, टोल विकास संस्था, क्लब तथा संघसंस्था र स्थानीयको सहभागितामा सञ्चालन हुने सरसफाइबाट डुबान घटाउन, डेंगीलगायत संक्रमण घटाउन मद्दत हुने छ ।

उनले भने, 'हामीले सम्भावित जोखिमको पूर्वानुमान गरेका छौं, यो जोखिमप्रति सर्वसाधारण सबैलाई सचेत गराउनुपर्छ, यो दायित्व पूरा गर्न सचेतनाका कार्यक्रम सञ्चालन गरिरहेका छौं, यो कार्यक्रमलाई अपनत्व ग्रहण गरेर साझेदार र सर्वसाधारणको स्वत:स्फुर्त सहभागिताको अपेक्षा गरेका छौं ।'

वडा नं २६ का अध्यक्ष एवं सुशासन समितिका संयोजक ख्यामराज तिवारीले नियमितसँगै विशेष सरसफाइका कार्यक्रम चलाएर वडा क्षेत्रलाई सुन्दर बनाउन काम गरिने बताए । उनले भने, 'यो ठमेललगायतका पर्यटकीयस्थल, गोंगबु आवास क्षेत्रजस्ता आवासीय क्षेत्र, नयाँ बसपार्कजस्ता बाह्य सम्पर्कको पहिलो स्थान भएको वडा हो, वडा क्षेत्रलाई सुन्दर बनाउन नियमित कार्यक्रमसँगै नागरिक सहभागिता चाहिएको छ, यसको संयोजनका लागि काम गरिरहेका छौं ।'

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भवी शर्माका अनुसार सञ्चयकोषबाट सुरु भएको सरसफाइ र सचेतनामूलक कार्यक्रम ज्याठा, क्वाबहाल, क्षेत्रपाटी, चाक्सीबारी, पर्यटनमार्ग, सातघुम्ती, भगवती मार्ग हुँदै सुरु भएकै बिन्दुमा पुगेर समापन भएको हो । साइड ड्रेनमा भएको करिब चार रिक्सा माटो निकालिएको थियो ।

यसप्रकारका सफाइ कार्यक्रममा सहभागी हुनुलाई नागरिकले दायित्व मान्नु सफाइमा संलग्न अधिकारीले प्रतिक्रिया दिए । सफाइ कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि कामपाले अहिले केही वडाबाट फोहोरको वर्गीकरण गरेर अन्तिम व्यवस्थापनका लागि काम गरिरहेको छ । उक्त कार्य ३२ वटै वडाबाट कार्यान्वयन गर्ने कामपाले जनाएको छ ।

## उपत्यकाको फोहोर विसर्जनमा पुनः अवरोध

**काठमाडौं (प्रस)–** विगतमा भएका सहमति कार्यान्वयन नभएको भन्दै काठमाडौं उपत्यकाको फोहोर बञ्चरेडाँडामा विसर्जन गर्न नुवाकोट र धादिङका स्थानीय बासिन्दाले अवरोध गरेका छन् ।

'बञ्चरेडाँडा ल्याण्डफिलसाइट प्रभावित क्षेत्र सरोकार समिति'( नुवाकोट-धादिङ)ले यसअघिका सहमति कार्यान्वयन तथा 'मानवबस्तीरहित ल्याण्डफिलसाइट विकास क्षेत्र' घोषणाको माग गर्दै फोहोर विसर्जनमा अवरोध गरेको हो । उक्त समितिका संयोजक श्रीराम ढुंगानाले सर्वपक्षीय भेलाबाट प्रस्तुत ११ बुँदे माग सम्बोधनका लागि गत फागुन २१ गते प्रधानमन्त्रीसमक्ष पेस गरिएका मागको सुनुवाइ नभएकाले शान्तिपूर्ण आन्दोलनको कार्यक्रमसहित फोहोर विसर्जनमा रोक लगाइएको बताए ।

शनिबार बिहानैदेखि फोहोर विसर्जनस्थल नुवाकोटको सिसडोलस्थित कुडुल्ले र धादिङको बञ्चरेडाँडा पुग्ने सडक अवरुद्ध पारिएको उनले जानकारी दिए । 'फोहोर विसर्जनका सम्बन्धमा विगतका सहमतिको कार्यान्वयन र नयाँ मागको सम्बोधनको प्रतिबद्धता नभएसम्म फोहोर फाल्न दिँदैनौं,' उनले भने । बञ्चरेडाँडा ल्यान्डफिल साइटमा काठमाडौं र ललितपुरका साथै अन्य नगरपालिकाबाट दैनिक एक हजार ५०० टन फोहोर विर्सजन हुने गरेको छ ।

## धावावाङ्गेललाई तामाङ प्रज्ञा सम्मान




**काठमाडौं (प्रस)–** तम्बा संघ नेपालका अध्यक्ष धावावाङ्गेल मोक्तानलाई 'तामाङ प्रज्ञा सम्मान-२०८० ' प्रदान गरिएको छ । शुक्रबार नेपाल प्रज्ञा प्रतिष्ठानमा तामाङ अध्ययन प्रतिष्ठानले मोक्तानलाई उक्त उपाधिबाट सम्मान गरेको हो ।

प्रतिष्ठानको स्थापना दिवसमा जापानका लागि पूर्वराजदूत डा. गणेश योञ्जन र अनुसन्धानकर्ता एवं राजनीतिज्ञ सिताराम तामाङले मोक्तानलाई नगद २५ हजारसहित सम्मानपत्र प्रदान गरे । 'तम्बाला काइरान' किताबका लागि मोक्तानलाई यो सम्मान गरिएको प्रतिष्ठानले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराजदूत एवं ताम्सालिङ संयुक्त संघर्ष समितिका संयोजक डा. योञ्जनले सम्मानित भएका मोक्तानले तम्बा संघ स्थापना गरेदेखि तामाङ समुदायमा धर्म, संस्कृति र परम्पराका विषयमा वकालत गर्दै आइरहेकोप्रति गर्व रहेको बताए । स्थापना दिवसको अवसरमा प्रतिष्ठानले तामाङका विषयमा अध्ययन गर्नेहरूलाई लेखनवृत्ति दिने घोषणासमेत गरेको छ । त्यसैगरी प्रतिष्ठानले तामाङको विषयमा अध्ययनका लागि विभिन्न कोर्सहरूसमेत सञ्चालनमा ल्याउन लागेको जानकारी दिएको छ ।


**सेन्चुरी इनर्जी लिमिटेड**
का.म.न.पा. वडा नं. ९, काठमाडौं

**विशेष साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२४

आदरणीय शेयरधनी महानुभावहरु,
यस सेन्चुरी इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/१२/१५ को बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा जानकारी गराईएको छ । यदि केहि कारणवस जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले उक्त साधारणसभामा उपस्थितिको लागि अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८१ साल वैशाख १५ गते, शनिबार (तदनुसार २०२४/०४/२७)
स्थान : अनुपम फुडलैण्ड एण्ड बैंकेट, बत्तीसपुतली, काठमाडौं ।
समय : दिउसोको ४:०० बजे ।

छलफलका विषयहरु :
क) **विशेष प्रस्तावहरु :**
१ सर्वसाधारणलाई कम्पनीको साधारण शेयर प्रिमियममा जारी गर्ने सम्बन्धमा तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२ प्रिमियममा साधारण शेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।
३ कम्पनीको पूँजी वृद्धि गर्ने तथा प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
४ प्रवन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्रिमियम मार्फत कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
ख) **विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**



**भुल-सुधार**

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय टंगल, ललितपुरको मिति २०८०/१२/२३ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय टंगल, ललितपुर फोन नं. ०१-५५३८०११ हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय टंगल, ललितपुर फोन नं. ०१-५५३८०११



**Shree Tribhuvan Secondary School**
Naya bazar, Dailekh
Karnali Province

**Invitation For Bids**

Notice No. 02/2080-081
First Date of Publication: 2080/12/25 (7 April 2024)

1. Tribhuwan Ma.Bi. School,*Narayan Municipality-01, Dailekh* invites Online bids under e-procurement system from Nepalese eligible bidders for the following procurement as shown in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Tribhuvan Ma.Bi. School,*Narayan Municipality-01, Dailekh* , Mobile no: 9848043714 and may visit School website www.tribhuvan.edu.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Name of The Project | Contract Identification no. | Estimated Amount (Exclusive VAT) | Bid Security Amount | Bid Document Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Tribhuvan Ma.Bi. Building Finishing Work (3 S-12 CR Academic),Narayan-01, Dailekh | NCB/TSS/2080-081/Works/02 | 27,34,124.55 | 80,000 | 3000 | 2081 Baishakh 25, 12:00 Noon |

Head Teacher



**Shree Saraswati Secondary School**
Godawari-5, Geta, Kailali

**INVITATION FOR SEALED QUOTATION**
*Procurement of Supply and Delivery of ICT Equipments*
First Date Of Publication: - 2080-12-25 BS (April-7-2024 AD)

1 Saraswati Secondary School has allocated funds towards the cost of supply and deliver of goods mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders/suppliers.

| S N | Contract No | Description of Works | Estimated Amount | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | SSS-NCB-GOODS-01-2080/081 | Procurements Supplying and fixing of ICT Equipments | 2,50,0000 | 62,500 | 3,000 |

2 Eligible Bidders/suppliers may obtain further information at the office of Saraswati Secondary School (email:-saraswatischool046@gmail.com), Tel.091575272, Mobile: 9848769488 Geta, Kailali.
3 A complete set of Bidding Documents may be purchased from Saraswati Secondary School Geta, Kailali.
4 The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 11:00 AM on 31'st day from the date of Invitation for Bid Notice Published at the office. If bidders wish to submit Bid Security in the form of cash, the cash should be deposited in
5 **Name of the Bank**: Rastriya Baniza Bank, **Name of Office**: SHREE SARASWATI MA BI **Office Account No**: 417010000893001.

*Head Teacher*

# नदी प्रदूषण निकुञ्जको पारिस्थितिकीय प्रणालीकै लागि जोखिम



■ भीष्मराज ओझा

**सौराहा (चितवन)**– चितवन राष्ट्रिय निकुञ्जको पानीको मुख्य स्रोतका रूपमा रहेको पूर्वी राप्ती नदीमा देखिएको प्रदूषणले निकुञ्जको परिस्थितिकीय प्रणालीको स्वच्छतामा जोखिम उत्पन्न गराएको छ । बढ्दो सहरीकरण एवं औद्योगिकीकरणबाट निस्कने फोहोर नदीमा मिसाउँदा जलीय पर्यावरणमा असर परेको हो । साथै नदीजन्य निर्माण सामग्रीको अत्यधिक दोहनले नदीको प्राकृतिकस्वरूप संकुचन भएको छ । नदी क्षेत्रमा बालुवाको 'रास' कम हुँदा प्राकृतिकरूपमै पानी फिल्टर हुने प्रक्रियामा बाधा पुगेको छ ।

काभ्रे र मकवानपुरको डाँडाबाट सुरु भई बग्ने राप्ती नदी स-साना अन्य नदी तथा खोला संकलन गरेर इन्द्रसरोवर जलाशय हुँदै हेटौंडा भएर चितवनतर्फ बग्ने गर्दछ । चुरेको दक्षिण सिमाना भएर बग्ने यो नदी पर्सा र चितवन राष्ट्रिय निकुञ्जका जीवजन्तुको पिउने पानीको मुख्य स्रोत हो ।

राप्ती नदीको प्रदूषणको अवस्थाबारे अध्ययन गरेका काठमाडौं विश्वविद्यालयका प्रा.डा. सुवोध शर्माले नदीको प्रदूषण र नदीजन्य सामग्रीको जथाभावी उत्खनन ठूलो समस्याका रूपमा रहेको बताए । उनले चितवनअन्तर्गत नदी आसपास ७१ उद्योग रहेका र उद्योगबाट निस्कने फोहोर र तरल पदार्थ प्रत्यक्ष/अप्रत्यक्षरूपमा नदीमै मिसिने गरेको बताए ।

हेटौंडा क्षेत्रमा नदी आसपासमा ६२ उद्योग भए पनि त्यहाँ औद्योगिक क्षेत्र भएकाले उद्योगले शुद्धीकरण गरेर फोहोर विसर्जन गर्ने गरेका छन् । चितवनमा भएका उद्योग छरिएर रहेकाले शुद्धीकरणका लागि सो व्यवस्था गर्न खर्चिलो हुन्छ ।

नदी आसपास सिमेन्ट कारखानाका साथै कपडा र साबुन उद्योग, रक्सी र बियर उत्पादक उद्योग, बोटलिङ र अन्य बहुर्राष्ट्रिय कम्पनी रहेका छन् । राप्तीमा मिसिने लोथर र मनहरा दक्षिणतिर बग्ने नदी हुन् भने दक्षिणबाट उत्तरतिर अन्य ससाना आधा दर्जन नदी र खोला छन् । राप्तीमा मिसिने अन्य नदी र खोलाले पनि प्रदूषण बोकेर ल्याउँछन् ।

'नदीको प्रदूषण नियन्त्रण र उत्खनन बन्द नगर्ने हो भने पर्सा र चितवन निकुञ्जमा भएका वन्यजन्तु प्रदूषित पानी खाएर बिरामी हुने सम्भावना छ,' प्रा.डा. शर्माले भने, 'वन्यजन्तुहरूले पिउने पानीको स्रोत नै राप्ती हो । नदीबाट पानी रसायर भूमिगत भई जंगलका बीचमा सिमसार बनेका छन् । त्यही पानी हात्ती, गैंडा, बाघलगायत वन्यजन्तुले पिउँछन् ।'

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र १०९ र मध्यवर्ती क्षेत्रमा २१ गरी १३० साना ठूला ताल र घोल छन् । चितवन निकुञ्जअन्तर्गत नारायणी, राप्ती र रिउ नदी तथा ससाना खोल्सा छन् । राप्ती नदी चितवन निकुञ्जभित्रै नारायणी नदीमा मिसिन्छ ।

विश्वविद्यालयको जलीय पर्यावरण केन्द्रका निर्देशकसमेत रहेका उनले रयायनयुक्त पानीमा सिसाको मात्रा पनि हुने र पानीसँगै वन्यजन्तुको शरीरमा पुगेपछि स्वास्थ्यमा असर पर्ने उल्लेख गरे । प्रा. डा. शर्माले आगामी दिनमा निकुञ्जभित्रका सिमसारको अवस्था, सिमसारमा पानी पिउने वन्यजन्तु र उनीहरूको स्वास्थ्यबारे अनुसन्धान गर्ने तयारीमा रहेको बताए । प्रदूषित पानीकै कारण ठूला वन्यजन्तुलाई क्षयरोग लाग्ने गरेको उनको भनाइ छ ।

विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जमा दुर्लभ एकसिंगे गैंडा, पाटे बाघ, जंगली हात्ती, गोहीलगायत वन्यजन्तु पर्यटकका मुख्य आकर्षक हुन् । पछिल्लो तथ्यांकअनुसार नेपालमा कूल ७५२ गैंडा रहेकामा यस निकुञ्जमा सबैभन्दा धेरै ६९४ रहेका छन् । यस्तै नेपालमा कूल पाटे बाघको संख्या ३५५ रहेकामा यस निकुञ्जमा १२८ बाघ छन् ।

क्षेत्रीय होटल संघ नेपाल चितवनका अध्यक्ष गंगा गिरीले हेटौंडादेखि नै नदीमा ढलका साथै उद्योग कलकारखानाको फोहोरमैला मिसिने गरेको बताए । 'लोथर र मनहरी क्षेत्रबाट पनि फोहोर मिसिने गरेको छ । राप्ती किनाराका क्रसर उद्योगको फोहोर मैला पनि नदीमा मिसिन्छ,' उनले भने ।

हालै सौराहा बजारको सडक दायाँबायाँ आकाशको पानी मात्र बग्ने गरी निर्माण गरिएको ड्रेनबाट पनि भविष्यमा राप्ती नदीमा फोहोर मिसिने अध्यक्ष गिरीको चिन्ता छ । 'होटल र रेस्टुरेन्टका लागि जग्गा क्षेत्रफलको मापदण्ड लागू गर्न कडाइ नहुँदा सानो क्षेत्रफलमा समेत ठूला होटल खुल्ने गरेको छ । यस्ता होटलले बाध्य भएर नदीमा फोहोर मिसाउने सम्भावना रहन्छ । यसबारेमा बेलैमा सोच्नुपर्छ,' उनले भने ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता केन्द्रका आयोजना व्यवस्थापक रचना शाहले नदीमा प्लास्टिकजन्य फोहोर देखिएको बताए । नदीमा प्रदूषण बढ्नाले जलचर प्राणीका साथै वन्यजन्तु र निकुञ्जको पारिस्थितिकीय प्रणालीमै असर पुग्ने उनले बताए । 'माथिल्लो भेगीय क्षेत्र हेटौंडा मनहरीलगायत क्षेत्रमा भएको फोहोर बगेर आउने मुख्य समस्या हो । तल्लो भेगमा प्रदूषण कम छ,' उनले भने, 'यकीन अध्ययन भएको छैन । प्लास्टिक प्रदूषण देखिएको छ । रसायन प्रदूषण देखिएको छैन । 'यो पर्यावरणीय संरक्षणका लागि मुख्य चुनौती हो । हामी यसमा काम गर्न खोजिरहेका छौं ।'

निकुञ्जमा दुर्लभ वन्यजन्तुका साथै घडियाल र मगर गोही, अजिंगरलगायत सरिसृप, उभयचर र बसाइँसरी आएका तथा रैथाने गरी ५४६ भन्दा बढी जातका चराचुरुंगी छन् । निकुञ्ज र मध्यवर्ती क्षेत्रको संरक्षण एवं विकासका लागि विश्व वन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, जिओलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपाल मुख्य साझेदारका रूपमा छन् । नेपाल सरकारले डब्ल्युडब्ल्युएफ नेपालको आर्थिक सहयोगमा तराई भूपरिधि कार्यक्रममार्फत विभिन्न कार्यक्रमसमेत सञ्चालन गरेको छ ।

निकुञ्ज कार्यालयका वरिष्ठ संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले भने नदी प्रदूषणमा आफूहरूले कडाइ र नियन्त्रणको प्रयास जारी रहेकाले धेरै फोहोर हुन नपाएको उल्लेख गरे । 'यस क्षेत्रमा त प्रदूषण नियन्त्रण र कडाइमा हाम्रो प्रयास जारी नै छ । तर माथिल्लो भेगमा हुने फोहोर बढाउने क्रियाकलाप र भएको प्रदूषणका स्रोतले यहाँ (निकुञ्ज) पनि असर गर्नेतर्फ हेक्का राख्नुपर्छ,' उनले भने ।

वर्षामा नदीमा प्लास्टिकजन्य वस्तु तथा बोतल बगेर आउने गरेको बताउँदै वरिष्ठ संरक्षण अधिकृत पुनले यसमा सबैले सजगता अपनाउनुपर्नेमा जोड दिए । उनले ढलको निकास सीधै खोलामै पुर्‍याउनुपर्छ भन्ने सोच परिवर्तन गरी शुद्धीकरण गरेर मात्र विसर्जन गर्नुपर्ने सचेतना आवश्यक रहेको उल्लेख गरे ।

निकुञ्ज क्षेत्रमा पर्ने रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले नदी प्रदूषण नियन्त्रणका लागि विभिन्न सचेतना कार्यक्रम गरिरहेको बताए । 'निकुञ्ज क्षेत्रको नदी भएकाले उद्योगलाई दूषित पानी, ढल र अन्य फोहोर सिधै नदीमा मिसाउन कडाइ गरेका छौं,' उनले भने, । नगरप्रमुख सापकोटाले भने, 'केही उद्योगले यसअघि राप्ती नदीको सहायक खोलामा फोहोर पानी मिसाएपछि हामीले रोकेका थियौं ।'

उद्योग विभागका सूचना अधिकारी अर्जुनसेन ओलीले सम्बन्धित उद्योगले अनुमति लिने क्रममा प्रदूषण नियन्त्रणका लागि अनिवार्य वातावरणीय प्रभाव मूल्यांकन गर्ने गरेको बताए । साथै उनले मापदण्ड प्रतिकूल प्रदूषण गर्ने उद्योगलाई कानुनबमोजिम कारबाही हुने उल्लेख गरे ।

नेपालमा संरक्षित क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रमुख गन्तव्य स्थानका रूपमा रहेका छन् । आर्थिक वर्ष २०७९/८० मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या नौ लाख ३२ हजार ५३२ रहेको छ । चितवनमा मात्र दुई लाख ९२ हजार ३९२ पर्यटकले भ्रमण गरेका थिए । नेपालमा आउने पर्यटकमध्ये ६० प्रतिशतले संरक्षित क्षेत्रको भ्रमण गर्ने गरेका छन् । *रासस*

# प्रभावकारी बन्दै 'आमा बचाउ' अभियान

**कैलाली (प्रस)**– कैलालीको धनगढी उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको 'आमा बचाउ' अभियानबाट ग्रामीण क्षेत्रका महिला लाभान्वित हुन थालेका छन् ।

अभियानअन्तर्गत रहेको निःशुल्क एम्बुलेन्स सेवाबाट ग्रामीण क्षेत्रका महिला लाभान्वित हुन थालेका हुन् । आमा र शिशुको स्वास्थ्यलाई मध्यनजर गर्दै गत आव २०७९/८० को मंसिर २१ गतेदेखि सुरु गरिएको 'आमा बचाउ' अभियानमा गर्भवती, प्रसव र सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा दिइँदै आएको उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख योगेश अवस्थीले जानकारी दिए ।

उनका अनुसार अभियानमा सो अवस्थाका महिलालाई अस्पतालसम्म पुर्‍याउन उपमहानगरले हाल चार एम्बुलेन्सबाट सेवा दिइरहेको छ । एम्बुलेन्स प्रयोग गरेबापत कुनै शुल्क नलाग्ने उनले बताए । एउटा एम्बुलेन्स उपमहानगर आफैंले सञ्चालन गरिरहेको तथा तीन एम्बुलेन्स वडा नं १६, १८ र १९ बाट सञ्चालनमा रहेको उनले जानकारी दिए ।

'आमा बचाउ' अभियानमा चालु आवको फागुन मसान्तसम्म उपमहानगर क्षेत्रका ३२२ गर्भवती, प्रसव र सुत्केरी अवस्थाका महिलाले निःशुल्क एम्बुलेन्स सेवा लिएको स्वास्थ्य शाखा प्रमुख अवस्थीले जानकारी दिए ।

निःशुल्क एम्बुलेन्स सेवा भएपछि प्रसूति सेवाका लागि अस्पताल लैजानुपर्ने महिलालाई निकै सहज भएको वडा नं १६ का वडाध्यक्ष रामलाल चौधरीले बताए । 'ग्रामीण क्षेत्र भएकाले अन्य सवारीसाधन पाउन पनि कठिन हुन्छ,' उनले भने, 'अहिले निःशुल्क एम्बुलेन्स सेवा हुँदा धेरै सहज भएको छ, आर्थिक अवस्था कमजोर भएकालाई झनै सहज भएको छ ।'

ग्रामीण क्षेत्रका महिलाको स्वास्थ्यावस्थालाई ध्यानमा राखेर 'आमा बचाउ' अभियान सुरु गरिएको नगरप्रमुख गोपाल हमालले बताए । 'ग्रामीण क्षेत्रमा सवारीसाधन नपाउने, प्रसूति सेवाका लागि गोरुगाडा, ट्र्याक्टरमा अस्पताल ल्याउनुपर्ने अवस्था छ,' उनले भने, 'त्यसले गर्दा आमा र शिशुको ज्यान जोखिममा हुने भएकाले उनहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै 'आमा बचाउ' अभियान सञ्चालन गरिएको हो ।'


Government of Bagmati Province

**Ministry of Internal Affairs and Law**

Hetauda, Makwanpur

**INVITATION FOR SEALED QUOTATION**

**Date of Published -2080/12/25**

Government of Bagmati Provence, Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur invites sealed Quotation (hard copy) from registered, eligible and interested bidders for the following works. For more detail bidders may contact at concerned office.

| Contract Identi-fication Number | Description of Works | Cost of Bidding Docu-ment | Last date and time of Pur-chase of bid document | Last date of bid submission, opening time and place | Bid Security | Account Details | Estimate Amount NRS. (exclud-ing VAT ) |
|---|---|---|---|---|---|---|---|
| MOIAL/ SQ/01/ 2080/081 | All in one Desk-top Computer at Ministry of In-ternal Affairs and Law, Hetauda, Makwanpur | NRS.1000 | 2081-01-09 till 1700 Hrs. At concerned office | 2081-01-10 till 1200 Hrs. and 1300 Hrs. respectively at concerned office | NRS. 50,000 (45days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata**:1300100202030000 Bank Name: **Rastriya Banijya Bank** Hetauda, Makwanpur. office code : 3140032013 office name : Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. | Nrs. 17,10,000.00 |



## CYPRUS मा महिला/पुरूषहरूलाई रोजगारको अवसर

कम्पनी : PANAGIOTA MELETIOU PRIVATE INTERNATIONAL EMPLOYMENT AGENCY

पुर्व स्वीकृति मिति २०८०/१२/२३ LT No.303130 चलानी नं. ६०२१७९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 10 | 10 | 900 | १३०,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २ गते (14th April 2024) मा हुनेछ । साथै 5 star Hotel को लागि Chefs , Cook & Housekeeping को पनि आवश्यक परको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८/०४२/४३

Himalayan Manpower Service Pvt. Ltd.

Sanepa-1, Lalitpur, Phone: +977-1-015183325, 015183326,5183327, 9809690214 9863191056, 9818224732, E-mail: hmanpowerservicepltd@yahoo.com



## कुवेत/युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/२३ LT. No. 303171 चलानी नं. ६०१८६७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceaner | 3 | 4 | 90 | ३८,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 160 | ६९,२३५ | | | | | | | |
| 3 | VENDOR / SALES | 5 | 10 | 135 | ५८,४१७ | | | | | | | |

कम्पनी : MUSAR CARGO TRANSPORT BY HEAVY TRUCKS LLC

पूर्व स्वीकृति मिति २०८०/१२/२३ LT. No. 303195 चलानी नं. ६०१८६७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव UAE | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shovel Operator | 2 | 0 | 2500 | ९०५८९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 2 | 0 | 2500 | ९०५८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २ गते (14th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनूहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd.

Koteshwor-32, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२६ LT. No.292545 चलानी नं.६०२०७७९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 226 | 0 | 2000 | ७२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: पोखरा म.न.पा ८, चिप्लेढुंगा, बाजेको सेकुवामा मिति: २०८० फागुन ६ गते (18th Feb. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन ७/८ गते (19/20 Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.

श्रम ईजाजत नं. ५१६/०६१/०६२

P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal

Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976

E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTER JOB INTL FOR CONSULTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/१२/२३ LT. No. 303141 चलानी नं. ६०२१७९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Manager | 1 | 0 | 6300 | २३०,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 2 | 1400 | ५१,२३० | | | | | | | |
| 3 | Customer Service | 3 | 2 | 2200 | ८०,५०५ | | | | | | | |
| 4 | Driver | 5 | 0 | 1400 | ५१,२३० | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,४८० | | | | | | | |
| 6 | General Clean Worker | 4 | 2 | 1000 | ३६,५९० | | | | | | | |
| 7 | Ground Steward | 0 | 7 | 1000 | ३६,५९० | | | | | | | |
| 8 | Hair Beautician | 0 | 3 | 1700 | ६२,२०५ | | | | | | | |
| 9 | Helper | 10 | 0 | 1000 | ३६,५९० | | | | | | | |
| 10 | Hr Manager | 0 | 1 | 6300 | २३०,५३० | | | | | | | |
| 11 | Labour | 10 | 0 | 1000 | ३६,५९० | | | | | | | |
| 12 | Occupational Therapist | 0 | 4 | 1700 | ६२,२०५ | | | | | | | |
| 13 | Purchase Rep. | 1 | 0 | 2200 | ८०,५०५ | | | | | | | |
| 14 | Salesman | 3 | 0 | 1400 | ५१,२३० | | | | | | | |
| 15 | Secretary | 1 | 0 | 2200 | ८०,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २ गते (14th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd

Govt.Lic. No. 1241/074/075

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044

E-mail : mail@aarambhahr.com, info@aarambhahr.com

Website : www.aarambhahr.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पर्यटन क्षेत्रले जगाएको आशा

**कोरोना महामारीपछि थलिएको अर्थतन्त्रलाई उकास्न पर्यटन क्षेत्रले आशा जगाएको छ । विदेशी पर्यटकको आगमनमा उत्साहजनक वृद्धिले आशा मात्रै जगाएको छैन अर्थतन्त्रलाई चलायमान बनाउन ठूलो सहयोग पु¥याएको छ । नेपाल पर्यटन बोर्डको पछिल्लो तथ्यांक हेर्ने हो भने यस वर्ष (सन् २०२४)को मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८.९ प्रतिशतले बढेका छन् । बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा उक्त वृद्धि देखिएको हो ।**

**यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको संख्या २८ हजार ७४१ ले बढेको बोर्डको तथ्यांक छ । गत वर्षको मार्चमा कूल ९९ हजार ४२६ विदेशी पर्यटक नेपाल भित्रिएकामा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार १६७ पर्यटक नेपाल आएका छन् । यो तथ्यांकले पर्यटन क्षेत्रमा उत्साह जगाउने काम गरेको छ । पर्यटन उद्योगमा लगानी गरेका व्यवसायीहरूलाई राहत दिलाएको छ ।**

**पर्यटनमा ठूलो सम्भावना रहेको नेपालले अपेक्षित विदेशी पर्यटक भित्र्याउन सकेको छैन । आवश्यक पर्यटन पूर्वाधार पनि विकास गर्न नसकेको यथार्थ छ । पर्यटकका लागि आवश्यक वातावरण निर्माणमा प्रयास गरिँदै आएको भए पनि पर्याप्त छैन । पर्यटक भित्र्याउन विभिन्न अभियानहरू पनि सञ्चालन गरिँदै आएको छ । तर, लक्ष्यअनुसार पर्यटक भित्र्याउन सकेको छैन ।**

**विदेशी पर्यटकको आगमन बढ्दा मुलुकमा भित्रिने विदेशी मुद्राले समग्र अर्थतन्त्रलाई टेवा पु¥याउँछ । हजारौंलाई रोजगारीको अवसर प्रदान गर्ने हुँदा काम खोज्दै विदेशिनुपर्ने युवाहरूको बाध्यता अन्त्य गर्ने छ । त्यसैले हालको वृद्धिमा मात्र सन्तुष्ट हुनेभन्दा थप पर्यटनमैत्री वातावरण निर्माण गरी धेरैभन्दा धेरै पर्यटक भित्र्याउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।**

**मुलुकको अन्यत आर्थिक क्षेत्र अझै शिथिल अवस्थामै रहँदा पर्यटन क्षेत्रले जगाएको यो आशालाई अझ बढाउनुपर्छ । पछिल्लो समय विदेशी मुद्र सञ्चिति बढ्नुमा पर्यटन क्षेत्र र रेमिटचान्सको मुख्य भूमिका रहेको छ । किनकि, मुलुकको निर्यात व्यापार बढ्न नसक्दा व्यापार घाटा उच्च रहँदै आएको छ । उक्त घाटालाई पूर्ति गर्न रेमिटचान्स र पर्यटन क्षेत्रले योगदान गरिरहेको तथ्य तथ्यांकले नै पुष्टि गर्छ । पर्यटन क्षेत्रको यो वृद्धिबाट मुलुकको समग्र आर्थिक क्षेत्रले लाभ लिने वातावरण निर्माण गरिनुपर्छ । पर्यटनसँग धेरै क्षेत्र जोडिने हुँदा यसको सम्भावना अधिक रहेको छ । समग्र अर्थतन्त्रलाई चलायमान बनाउने पर्यटन उद्योगको प्रवर्द्धनमा राज्य, व्यवसायी र सरोकारवाला सबैको साझा प्रयास हुन जरुरी छ ।**

## मननयोग्य

### चाणक्य नीति

उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु । शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।' यति भनी शकटार दरवारतिर हिंडे ।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

क्रमशः

# 'नेपाल-चीनबीच भएका सम्झौता कार्यान्वयनका निम्ति पहल गरिरहेका छौं'



**विष्णुपुकार श्रेष्ठ**
चीनका लागि नेपाली राजदूत

- चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपाललाई बढी नै महत्त्व दिनुभएको अनुभूति हुन्छ ।
- प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा उल्लिखित विषय कार्यान्वयनको चरणमा छन् । दूतावास यसका लागि निरन्तर क्रियाशील रहेको छ ।
- नेपालले लिएको लक्ष्य प्राप्तिका लागि हरप्रकारको सहयोग गर्न तयार रहेको चिनियाँ पक्षको भनाइ छ ।
- केही प्राविधिक समस्या नपरे तत्काल नेपाल-चीन सीमा क्षेत्रका १४ वटा परम्परागत नाका सञ्चालन गर्ने चिनियाँ पक्षले वचन दिएको छ ।
- नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्छ भन्नेमा दुवै पक्ष सहमत भएका छन् ।
- आगामी महिना हुने लगानी सम्मेलनमा करिब २०० भन्दा बढी चिनियाँ लगानीकर्ताले सहभागिता जनाउने प्रतिबद्धता जनाएका छन् । हाइड्रोजन उत्पादन क्षेत्रमा लगानी गर्ने बारेमा पनि चिनियाँ लगानीकर्तासँग छलफल भइरहेको छ ।

नेपाल र उत्तरी छिमेकी चीनबीच सदियौं पुरानो, बहुआयामिक र मित्रवत् सम्बन्ध रहिआएको छ । नेपालको विकास प्रक्रियामा चीनले खुला हृदयले सहयोग गर्दै आएको छ । चीन नेपालको 'संकटको साथी'का रूपमासमेत रहेको छ । भूकम्प, कोभिड-१९ लगायत अप्ठ्यारो अवस्थामा चीनले ठूलो सहयोग पु¥याउँदै आएको छ । नेपाल र चीनका तर्फबाट विभिन्न समयमा भएका उच्चस्तरीय भ्रमणबाट दुई देशबीचको सम्बन्ध थप प्रगाढ बन्दै गएका छन् । नेपाल सरकारले पनि चीनसँगको सम्बन्धलाई उच्च महत्त्व दिँदै आएको छ । चीनको राजधानी बेइजिङमा रहेको नेपाली दूतावासले दुई देशबीचको सम्बन्धलाई थप मजबुद बनाउन भूमिका निर्वाह गरिरहेको छ । केही दिनअघिमात्रै उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गरे । प्रस्तुत छ, सो भ्रमण दलमा सहभागी रहेका राष्ट्रिय समाचार समिति *(रासस)*का समाचारदाता **अशोक घिमिरे**ले नेपाल-चीन सम्बन्ध, आर्थिक कूटनीति, दूतावासको भूमिकालगायत विषयमा चीनका लागि नेपाली राजदूत **विष्णुपुकार श्रेष्ठ**सँग गरेको कुराकानीः

**चीनका लागि नेपाली राजदूतका रूपमा यहाँको कार्यकाल कस्तो चलिरहेको छ ?**

चीन नेपालको उत्तरी छिमेकी तथा ठूलो मुलुक हो । नेपाल-चीनबीच सदियौंदेखि मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ । म चीनका लागि राजदूत भएर बेइजिङ आएको करिब २० महिना पुग्यो । यसअवधिमा दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने सन्दर्भमा राम्रो प्रगति भइरहेको छ भन्ने लागेको छ ।

**यो बीचमा नेपाल र चीनबाट भएका उच्चस्तरीय भ्रमणहरू कस्ता रहे ?**

यसबीचमा नेपाल र चीनबाट भएका उच्चस्तरीय भ्रमणहरू खुसी र गर्व गर्नलायक छन् । विश्वव्यापी महामारीका रूपमा रहेको कोभिड-१९ नियन्त्रण भएपछि धेरै उच्चस्तरीय भ्रमण भएका छन् । नेपालबाट उपराष्ट्रपति, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, सभामुख, पूर्वसभामुख, प्रधानन्यायाधीश, प्रधानसेनापति, विभिन्न राजनीतिक दलका शीर्ष नेता तथा सांसदलगायतले यसबीचमा चीन भ्रमण गर्नुभयो । सरकारीस्तरबाट प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमण रहचो । प्रधानमन्त्री दाहाल हाङजाउमा भएको दक्षिण एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन सत्रमा सहभागी हुनुभयो । सो क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग प्रतिनिधिमण्डलस्तरमा छलफल भयो । दुई देशका उच्चस्तरीय कार्यकारिणी व्यक्तिबीच अत्यन्तै सौहार्द्र, खुला र स्पष्ट रूपमा छलफल भयो । त्यसबाट धेरै उपलब्धि प्राप्त भएका छन् ।

राष्ट्रपति सीले नेपाललाई बढी नै महत्त्व दिनुभएको अनुभूति हुन्छ । त्यो समयमा हाङजाउमा उहाँ अत्यन्तै समयको चापमा हुनुहुन्थ्यो । अन्य देशका राष्ट्राध्यक्ष र सरकार प्रमुख पनि कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । त्यस्तो समयमा हाम्रा प्रधानमन्त्रीसँग उहाँले 'वान टू वान' वार्ता गर्नुभयो । प्रधानमन्त्रीको भ्रणका क्रममा छलफल भएका धेरै विषय समेटिएर संयुक्त वक्तव्य पनि जारी भयो । सो वक्तव्यभित्र नेपाली पक्षको हितमा हुने तथा नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ बनाउने विषय उल्लेख छ । सबै प्रकारका उच्चस्तरीय भ्रमणमा दुई देशको सम्बन्धलाई अझ गहिरो र प्रगाढ बनाउने बारेमा गम्भीर छलफल भएका छन् । जति पनि उच्चस्तरीय भ्रमण भएका छन्, यी सबै गर्व गर्न लायक छन् । उच्चस्तरीय भ्रमण सफल हुँदा राजदूतका रूपमा मलाई खुसी पनि लागेको छ ।

**प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा उल्लिखित विषय कार्यान्वयनका अवस्था के छन् ?**

संयुक्त वक्तव्यमा उल्लिखित विषय कार्यान्वयनको चरणमा छन् । दूतावासबाट निरन्तररूपमा ती विषय कार्यान्वयनका लागि क्रियाशील छौं । दुवै पक्षबाट आ-आफ्ना जिम्मेवारीको विषय सम्पन्न गरी अघि बढ्दा वक्तव्यमा भनिएका विषय छिट्टै पूरा गर्न सकिन्छ । त्यस निमित्त दुवै देश तत्पर भएको महसुस भइरहेको छ ।

**नेपाल-चीनको कूटनीतिक सम्बन्ध स्थापना भएको लामो समय भयो, यहाँ राजदूत भएर आएपछि भएका सम्झनलायक उपलब्धि के रहचो ?**

अन्तरदेशीय रेल्वे लाइनको सम्भाव्यता अध्ययन सुरुआत भएको छ । बन्द भएका सीमा नाका खुलेका छन् । अन्तर्राष्ट्रिय 'पोर्ट' धेरै खुलेका छन् । कोरोना महामारीका कारण नेपालमा रोकिएका विद्यार्थीलाई चीनमा अध्ययनका लागि सहजीकरण गरिएको छ । पर्यटन प्रवर्द्धनका निमित्त धेरै कार्यक्रम सम्पन्न भएका छन् । वाणिज्य व्यापारका क्षेत्रमा पनि राम्रा काम भएका छन् । चीनले भन्सार छुट दिएका नेपाली उत्पादनको बिक्रीका लागि सहजीकरण गरिएको छ । त्यस्ता कतिपय उत्पादन नेपालसँग छैन, कतिपयलाई चीनमा निर्यातका लागि अप्ठचारो छ । चीन सरकारले नेपाल-चीन सीमा नाकाका विभिन्न स्थानमा बहुउद्देश्यीय प्रयोगशाला स्थापना गर्ने प्रतिबद्धता गरेको छ । त्यसको सुरुआत भएपछि भन्सार छुटका सामग्रीको व्यापार पनि राम्रो हुन्छ । हवाई उडानका विषयमा पनि प्रगति भएका छन् ।

सन् २०१६ मा नेपाल-चीनबीच भएको व्यापार तथा पारवहन सन्धिका आधारमा एक ट्रिप सामान नेपाल जाने र एक ट्रिप सामान नेपालबाट बाहिर जाने काम भएको छ । नेपालजस्तो भूपरिवेष्ठित मुलुकका लागि यो निकै नै महत्त्वपूर्ण छ । भारतका विभिन्न क्षेत्रमा सामान ल्याउने गरिरहेको अवस्थामा चिनियाँ बाटो पनि खुल्दा तेस्रो मुलुकसँग व्यापार व्यवसाय गर्न सहज भएको छ । नेपाल-चीन वाणिज्य व्यापारका क्षेत्रमा ठूलो उपलब्धि हुने खालका काम भइरहेका छन् । अन्तरदेशीय विद्युत् प्रसारणलाइन निर्माण गर्ने काम अघि बढेको छ । स्याफ्रुबेँसी-केरुङ २२० केभी प्रसारणलाइनको निर्माण सुरु हुने क्रममा छ । सो परियोजना निर्माणको टुंगोमा पुग्न द्विपक्षीय छलफल जारी छ । पूर्वाधार निर्माण, जनता-जनताबीचको सम्बन्ध, पर्यटन, वाणिज्य व्यापारलगायत विषयमा फड्को मार्ने गरी अघि बढिइएको छ । अझ बढी नतिजा आउने गरी काम गर्न दूतावास क्रियाशील छ ।

**नेपाल-चीनबीचको आर्थिक कूटनीति प्रवर्द्धनमा राजदूतावासले के कस्ता पहल गरिरहेको छ ? चीनसँगको व्यापार घाटा न्यूनीकरण र नेपाली वस्तुको चीनमा निर्यातका लागि के काम भइरहेका छन् ?**

चीनमा चारवटा नेपाली महावाणिज्य दूतावास छन् । हङकङ, छेन्दु, ल्हासा र ग्वान्जाओमा महावाणिज्य दूतावास छन् । व्यापार व्यवसायका निमित्त महावाणिज्य दूतावाससँग समन्वय गरेर विभिन्न कार्यक्रम गरिरहेका छौं । स्रोतको अभावमा चाहेको जति गर्न त सकेका छैनौं तर पनि नेपाली सामान चीनमा ल्याउने र विभिन्न सरहमा नमूनाका रूपमा बिक्री वितरण गराउने कार्यमा निरन्तर लागिपरेका छौं । विभिन्न प्रदर्शनीमा नेपालको उपस्थिति रहेको छ । नेपालको वाणिज्य व्यापार तथा आर्थिक कूटनीतिका सम्बन्धमा के-के सुविधा प्रदान गर्न सक्दछ भन्ने विषयलाई व्यापारीसमक्ष जानकारी गराउने कोसिस गरेका छौं । नेपालका नीति नियमलाई चिनियाँ भाषामा अनुवाद गरेर वितरण गरिएको छ । नेपालको व्यापारमा सहजीकरण गर्न विभिन्न अन्तरक्रिया, भेटघाटजस्ता कार्य गरिरहेका छौं ।

चीनसँगको व्यापार घाटा न्यूनीकरणका लागि दूतावास क्रियाशील छ । चीनले भन्सार छुट दिएका नेपाली उत्पादन चीनको बजारसम्म ल्याउन सकिएन । अमिला जातका फलफूल, भैँसीको मासु, जडीबुटी, हस्तकलाका सामग्रीलाई कसरी चिनियाँ बजारमा प्रवेश दिलाउन सकिन्छ ? भनेर लागिएको छ । चीनको भन्सार र क्वारेन्टिनमा आइपर्ने समस्याको समाधानका लागि चिनियाँ अधिकारीसँग छलफल गरेका छौं । नेपाली उत्पादनलाई चिनियाँ बजारमा प्रवेशका लागि सहजीकरण गर्न हामी क्रियाशील छौं ।

**बेलाबेलामा राजदूतावास र चीनस्थित नेपाली महावाणिज्य दूतावाससँग समन्वयमा प्रभावकारी नभएको भन्ने सुनिन्छ नि ?**

त्यस्तो होइन, दूतावास र महावाणिज्य दूतावासबीच समन्वय नहुनुपर्ने कारण नै छैन । बेइजिङस्थित दूतावासले सबै महावाणिज्य दूतावाससँग समन्वय गरिरहेको छ । दूतवाससँग समन्वय नहुनुपर्ने प्रश्नै छैन । महावाणिज्य दूतावाससँग समन्वय नभई कुनै काम हुँदैन । दूतावासको समन्वयमा लगानी सम्मेलनको पूर्वसन्ध्यामा सबै महावाणिज्य दूतावासमा कार्यक्रम सम्पन्न भएका छन् । कसैले समन्वय भएन भनेर भनेका छन् भने त्यो सत्य होइन ।

**नेपालमा चिनियाँ लगानी वृद्धि गर्न र चिनियाँ पर्यटनको संख्या बढाउन राजदूतावासले कस्ता कार्य गर्दै आएको छ ?**

लगानी सम्मेलनको पूर्वसन्ध्यामा चिनियाँ व्यवसायी, लगानीकर्तासँग छलफल गरिएको छ । संस्थागत र व्यक्तिगत रूपमा पनि चिनियाँ व्यवसायीलाई नेपालमा लगानीका लागि आग्रह गरिएको छ । नेपालमा लगानीको वातावरण, लगानीकर्तालाई दिइएको सुविधालगायतको जानकारीमूलक पुस्तिका चिनियाँ भाषामा अनुवाद गरेर प्रकाशित गरिएको छ । आगामी महिना हुने लगानी सम्मेलनमा करिब २०० भन्दा बढी चिनियाँ लगानीकर्ताले सहभागिता जनाउने प्रतिबद्धता जनाएका छन् । हाइड्रोजन उत्पादन क्षेत्रमा लगानी गर्ने बारेमा पनि चिनियाँ लगानीकर्तासँग छलफल भइरहेको छ ।

**सरकारले विश्वका विभिन्न देशका रहेका नेपाली बन्दीका बारेमा खोजी गरिरहेको छ ? चीनमा कस्तो अवस्था छ ? र उनीहरूको फिर्तीका लागि कही प्रयास भइरहेको छ त ?**

चीनको ग्वान्जाओ, छेन्दु र ल्हासामा केही नेपाली थुनामा छन् । ३०-३५ जना नेपाली चिनियाँ जेलमा रहेको जानकारी हामीसँग छ । अधिकांशको मुद्दा लागुऔषधसँग सम्बन्धित छन् । गत भदौमा एक नेपाली महिला जेलमुक्त भएर नेपाल फर्कनुभएको छ । केही समयअघि ग्वान्जाओ, छेन्दुबाट पनि छुटेका छन् । बेइजिङस्थित नेपाली दूतावास र महावाणिज्य दूतावसाको निरन्तरको प्रयासमा उहाँ जेलमुक्त हुन सफल हुनुभयो । जेलमा रहेका नेपालीलाई रिहा गरिदिन दूतावासबाट 'नोट' पनि पठाइएको छ । धेरै जेल अवधि काटिसकेका नेपालीलाई बाँकी कैद मिनाहा गरिदिन आग्रह गरेका छौं । चीनमा लागुऔषधको मुद्दालाई अत्यन्त ठूलो अपराध मानिन्छ । चिनियाँ जेलमा रहेका नेपाली नागरिकको सूची अद्यावधिक गरिरहेका छौं ।

जेलमा रहेका कतिपय नेपालीले कैद 'ट्रान्सफर'को आग्रह गरेका छन् । बाँकी कैद नेपालको कारागारमा भुक्तान गर्ने प्रस्ताव पनि गर्नुभएको छ । तर त्यससम्बन्धी कुनै पनि कानुनी प्रावधान छैन । यस पाटोमा पनि छलफल अघि बढाउने बारेमा दूतावास सकारात्मक छ । कतिपय नेपाली चीनविरुद्ध गुप्तचरी गरेका आरोपमा पनि जेल परेका छन् । चिनियाँ जेलमा रहेका नेपाली गम्भीर प्रकृतिको मुद्दामा छन्, जो चिनियाँ सरकारको नीति तथा अन्तर्राष्ट्रिय कानुनले पनि बढी सजाय तोक्छ ।

**चीनसँग विगतमा भएका व्यापारिक तथा कूटनीतिक सम्झौताको कार्यान्वयनमा दूतावासको भूमिका कस्तो रहेको छ ? अबका योजना के रहने छन् ?**

चीनसँग भएका सहमति सम्झौता कार्यान्वयनमा दूतावास सक्रिय छ । सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण तथा नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयन गर्न हामी लागि परेका छौं । सन् २०१८ प्रधानमन्त्री केपी शर्मा ओली, सन् २०१७ मा प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमणका क्रममा भएका सम्झौता कार्यान्वयनको योजना बनाइएको छ । सहमति सम्झौताको अवस्था के छ, कहाँनेर अड्केको छ ? किन कार्यान्वयन भइरहेको छैन ? भन्ने बारेमा जानकारी लिइरहेका छौं । उच्चस्तरका भ्रमणमा भएका सम्झौताको सूचीकरण गरेका छौं । सम्झौताको 'स्टाटस' तयार पारिरहेका छौं । कतिपयलाई सम्बन्धित निकायमा गएर कार्यान्वयनका निम्ति पहल गरिरहेका छौं ।

**उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले हालै चीनको औपचारिक भ्रमण गर्नुभयो, उक्त भ्रमण दलमा यहाँ पनि सहभागी रहनुभएको थियो, सो भ्रमणमा उच्च चिनियाँ नेतृत्वसँग छलफल र वार्ता भएको थियो । ती छलफलमा के कुराकानी भए ?**

उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ पक्षसँगको भेटमा नेपाल आर्थिक समृद्धिको यात्रामा रहेको जानकारी गराउँदै नेपालको विकासमा चीनले खुला हृदयले सहयोग गर्नुपर्छ भन्ने विषय स्पष्टसँग राख्नुभएको छ । असल छिमेकीको हैसियतले चीनले नेपालको चाहनालाई सहयोग गर्नुपर्छ भनेर खुला रूपमा राख्नुभएको छ । चिनियाँ पक्षले नेपालको आवश्यकता के-के छन् ? त्यसलाई सम्बोधन गर्न तयार छौं भनेर भन्नुभएको छ । नेपालले लिएको लक्ष्य प्राप्तिका लागि हरप्रकारको सहयोग गर्न तयार रहेको चिनियाँ पक्षको भनाइ छ । नेपाल-चीनबीचको सम्बन्धलाई नयाँ उचाइमा पु¥याउनुपर्छ भन्ने चिनियाँ पक्षको भावना रहेको छ । नेपालका तर्फबाट पनि दुई देशबीचको सम्बन्धलाई नयाँ चरणमा लैजानुपर्छ भनेर जोड दिइएको छ ।

उपप्रधानमन्त्री श्रेष्ठले दुई देशका बीचमा भएका सम्झौतालाई चाँडोभन्दा चाँडो कार्यान्वयन गर्नुपर्छ भनेर जोड दिनुभयो । बेइजिङदेखि तिब्बतसम्म आइपुग्दा सबै चिनियाँ अधिकारीले उक्त विषयलाई खुला दिलका साथ समर्थन गर्नुभएको छ । केही प्राविधिक समस्या नपरे तत्काल नेपाल-चीन सीमा क्षेत्रका १४ वटा परम्परागत नाका सञ्चालन गर्ने चिनियाँ पक्षले वचन दिएको छ । नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्छ भन्नेमा दुवै पक्ष सहमत भएका छन् ।

# छोरी शिक्षा प्रवर्द्धन गर्न स्थापित मधेसको क्याम्पस



■ टीकाराम सुनार/चन्दन ठाकुर

**जनकपुरधाम–** अहिले पनि मधेसका छोरीचेलीहरू दाइजो प्रथाका कारण हिंसामा परेका खबर बेलाबेला आइरहेकै छन् । झन् वि.सं. २०५० को दशकमा कस्तो अवस्था थियो होला ! ऊबेला 'एकपटक विहे गर्नैपर्ने त हो नि' भनेर अभिभावकले कलिलै उमेरमा छोरीचेलीको विहे गरिदिनु सामान्य नै थियो । तर राम्रो शिक्षादीक्षा दिनुको सट्टा कलिलै उमेरमा विहे गरिदिँदाको परिणाम सुखद हुन्थेन ।

एकातिर शिक्षा र उमेरका हिसाबले हुने अधिकांश बेमेल विवाह संकटमा पर्थे । अर्कोतिर दाइजो, हिंसा, बहुविवाह, दुई परिवारबीचमा कलहजस्ता समस्या उत्पन्न हुन्थे । यस्तै समस्या देखिन थालेपछि जनकपुरधाममा 'दाइजो उन्मुलन संघ'का नाममा दाइजो विरोधी अभियानसमेत सुरु हुँदै थियो । त्यसका लागि कचहरी बस्थे । दण्ड र जरिवानाका कुरा पनि हुन्थे । तर त्यतिबेला जनकपुरधामका केही युवालाई यी कुरा फिटिक्कै मन पर्थेनन् ।

युवाहरूको मत हुन्थ्यो, 'छोरीको भविष्यका लागि कुनै लगानी नै नगरेर डाक्टर, इञ्जिनियर वा जागिरे केटालाई जिम्मा लगाउन खोज्नु दाइजो दिनुभन्दा झन् ठूलो समस्या हो । त्यसैले सके छोरीचेलीमा लगानी गर, नभए विहे गरेकी छोरीचेलीलाई केही दिन नपाए हुन्थ्यो भन्ने अपेक्षा नगर । दाइजो लेऊ वा देऊ ।'

यस्तो विचार कसैलाई मनपर्ने कुरै भएन । तर पनि ती युवा आफ्नो कुरा भन्न छाड्थेनन् । त्यसो भन्नेमध्ये एक थिए जनकपुरधामका वीरेन्द्रकुमार साह । आफूहरूले राख्ने फरक मतबारे स्मरण गर्दै उनी भन्छन्, 'आफ्नो छोरीचेलीमा लगानी नगर्ने, असल अभिभावकत्व लिन नचाहने अनि १० कक्षासमेत नपढाएर बिहे गरिदिने ! घरमा हुँदा लगानी नगर्ने र भविष्यको सुरक्षाबारे सोच्दै नसोची कथित धेरै पढेको केटा खोज्ने नाममा बेमेल विवाह गर्ने हो भने भोलि तपाईं हाम्रै छोरीचेली समस्यामा पर्नसक्छन् । त्यसैले बेमेल विवाह नगर्न, छोरीमा लगानी गर्न र सम्पत्ति दिनुपर्छ भन्ने मत राख्थ्यौं ।'

२५/३० वर्षका युवाले यस्तो भन्दा अनौठो हुने नै भयो । तर जब बेमेल विवाह भएका छोरीले दुःख पाइ, ज्वाइँले अर्को विवाह गऱ्यो, हेलोहेचो गऱ्योजस्ता समस्या लिएर कचहरी बोलाइन्थ्यो, त्योबेला वीरेन्द्रलगायतका युवाहरूले आफ्नो जित भएको महसुस गर्थे । तर त्यो क्षणिक हुन्थ्यो । 'हाम्रो उद्देश्य दाइजोको प्रवर्द्धन गर्ने थिएन । आफ्ना छोरीचेलीको सुखद भविष्यका लागि शिक्षादीक्षामा लगानी गरौं, स्तर नै नमिल्ने गरी धेरै पढेलेखेको केटा खोज्ने बहानामा समस्यालाई निम्ता नदिऔं भन्ने थियो,' साहले भने, 'तर बुझ्नेले बुझे, नबुझ्नेले बेवास्ता गरे । कतिपयले छोरीचेली समस्यामा परेपछि पश्चाताप गरे ।'

तर कुरा गरेरमात्रै सुधार हुनेवाला थिएन । त्यसपछि छोरी नपढाउने र चाँडै विवाह गरिदिने कारणबारे सोधिखोजी भयो । साहले भनेअनुसार त्यसबाट दुईवटा कुरा थाहा भयो । पहिलो, त्यसबेला जनकपुर क्षेत्रमा ब्रह्मपुरी क्षेत्र भनेर चिनिने पहाडी समुदायको बसोबास रहेका ठाउँ, उच्च जाति भनिएका मधेसी समुदायमा छोरीचेली पढाउने चलन थियो तर अन्य बहुसंख्यक समुदायले छोरीचेलीलाई पठाउँदैनथे ।

दोस्रो, असुरक्षाको कारण देखाएर छोरीलाई यहाँको मुरलीचोक नकटाउनेको संख्या धेरै थियो । किनकि रामस्वरूप रामसागर (आरआर) क्याम्पस पढ्न त्यो जमिन नाघेर अलि पर जानुपर्थ्यो । त्योभन्दा वर भरपर्दो विकल्प थिएन । समस्या समाधानका लागि सुरक्षा र अनुशासनको प्रत्याभूतिसहित जनकपुर बजार क्षेत्रमै एउटा उच्च शिक्षा अध्ययनको विकल्प दिए केहीहदसम्म समस्या समाधान हुने निष्कर्ष निस्कियो । त्यो विकल्प दिन स्थानीय लक्ष्मीप्रसाद साह (एलपी साह), रामनरेश राय र वीरेन्द्रकुमार साह तयार भए ।

त्यसपछि यहाँ 'मोडेल बहुमुखी क्याम्पस' स्थापना भएको संस्थापकमध्येका तिनै साहले जानकारी दिए । वि.सं. २०५४ मा अध्ययन अनुमति र वि.सं. २०५५ असारमा पठनपाठन सुरु गरिएको क्याम्पसमा सुरुमा छात्रा पाउन निकै गाह्रो भयो । घरघर गएर सम्झाउँदा पनि विज्ञान संकायतर्फ ७१ मध्ये दुई तीनजना र व्यवस्थापनतर्फ ९६ मध्ये १०/१२ जनामात्रै छात्रा पाएको उनले स्मरण गरे ।

सुरुका दिनमा बाटोबाटोमा बसेर जिस्क्याउने, दुःख दिने र हतोत्साहित गर्ने केटाहरूका कारण केही कठिनाइ भए पनि सोहीअनुसार सुरक्षाको व्यवस्था, कारबाही र अभिभावकलाई आश्वस्त पार्दै जाँदा समस्या समाधान हुँदै गएको र वि.सं. २०६२/६३ सालपछिको परिवर्तन तथा समाजमा आएको चेतनाका कारण छात्राहरूको संख्यामा उल्लेख्य वृद्धि भएको उनले बताए । कक्षा ११ मा विज्ञान र वाणिज्यबाट पठनपाठन सुरु भएको सो क्याम्पसमा अहिले स्नातकोत्तरसम्मको अध्ययनअध्यापन हुन्छ । यहाँ कम्प्युटर, ट्राभल र टुरिजम, बिबिए, बिसिए, एमबिएस, बिएस्सी माइक्रोबायोलोजी, बिएस्सी सिएस आइटी, सिटिइभिटीइबाट सामान्य चिकित्सा (एचए) तथा ल्याव र मेडिकल ल्याब टेक्निसियन (एमएलटी) लगायतको पठनपाठन भइरहेको छ ।

'छोरी शिक्षा प्रवर्द्धन' गर्ने हेतुले स्थापित सो क्याम्पसमा अहिले छोरीहरूकै बाहुल्यता छ । 'विज्ञान संकायबाहेक अरू कक्षामा एउटा कक्षामा ६० देखि ८० प्रतिशतसम्म छात्राहरू छन् । अभिभावकमा आएको चेतनाले छोरीचेलीलाई विद्यालय वा क्याम्पससम्म पुऱ्याउन सम्भव भएको हो । छोरीलाई राम्रो शिक्षा दिएर आफ्नो खुट्टामा उभिने भएपछि मात्रै बिहे गर्नुपर्छ भन्ने चेतना आउँदै छ । यो हाम्रो पनि सफलता हो,' सहायक क्याम्पस प्रमुख धर्मेन्द्रकुमार ठाकुरले भने । सो क्याम्पसमा हाल पाँच हजारभन्दा बढी विद्यार्थी अध्ययन गरिरहेका छन् ।

वि.सं. २०६२ सालमा जनकपुरमै सबैभन्दा बढी विद्यार्थी भएको क्याम्पसका रूपमा स्थापित सो क्याम्पसलाई आजसम्म अरूले उछिन्न नसकेका ठाकुरको भनाइ छ । 'संख्यात्मक र गुणस्तरीय शिक्षाका हिसाबले पनि हाम्रो प्रतिस्पर्धा आफैंसँग हो । धेरैले सोध्छन् तपाईंहरूकहाँ ११ र १२ कक्षामा कति विद्यार्थी छन् ? यहाँका नामी तीन चारवटा क्याम्पसमा पढ्ने संख्या जोडेर जति आउँछ त्यसमा सय पचासभन्दा कम बढी हुन्छ भनेर जवाफ दिन्छौं,' उनले भने ।

क्याम्पसले आर्थिक अवस्था, जेहेन्दार र आवश्यकताअनुसार विद्यार्थीलाई सहुलियतमा शिक्षा दिइरहेकामा वि.सं. २०६९ देखि 'सुपर फोर्टी' नीतिअनुसार विज्ञान संकायतर्फ ४० जना र वाणिज्य संकायतर्फ १० जना जेहेन्दार विद्यार्थीलाई सतप्रतिशत 'ट्युसन फि' निःशुल्क गर्ने योजना कार्यान्वयन गरिरहेको छ । त्यसैगरी अध्ययनरत सत्रका तीनवटै त्रैमासिक परीक्षामा ७५ प्रतिशत वा सोभन्दा बढी अंक ल्याउने विद्यार्थीहरूलाई चिकित्सा तथा इन्जिनियरिङतर्फ अध्ययनका लागि काठमाडौंमा प्रवेश परीक्षा कक्षा निःशुल्क गर्ने नीति लिएको कलेजका प्रशासन प्रमुख प्रदीप लालले बताए ।

बैंकबाट पाँच लाख रूपैयाँ ऋण लिएर सुरु भएको सो क्याम्पस जनकपुरको संकटमोचन स्कुलमा तीन वर्षसम्म र त्यसपछि हाल भवन रहेको जनकपुरधाम-४ गोपाल धर्मशाला नजिकै भाडाको जमिनमा बाँसको टहरामा सञ्चालन भएको थियो । अहिले डेढ विघा जग्गासहित सुविधासम्पन्न ६५ कोठासहितको १० तले आफ्नै भवनमा छ ।

'आमीले रामनरेश रायको जग्गा बैंकमा राखेर ऋण लिएका थियौं र एलपी साह (नेम एण्ड फेमबापत) पनि हामीसँग थिए । त्यतिबेला सतप्रतिशत नोक्सानी भएमा मेरो र फाइदा भए सबैको भन्ने थियो,' उनले भने, 'तर क्याम्पस स्थापना भएको दुई वर्षमै विवाद उत्पन्न भएपछि उच्च माध्यामिक शिक्षा परिषद्बाट विवाद सुल्झाएर त्यहीं बेलादेखि मेरो स्वामित्वमा क्याम्पस चलिरहेको छ तर म एक्लो छैन ।' उनले क्याम्पससँग प्रत्यक्ष जोडिएका प्राध्यापक र कर्मचारी गरी १५० जनाको समूह रहेको बताए । 'हामीप्रति अभिभावक र विद्यार्थीको भरोसा छ । उनहरूकै बलमा यो उचाइ पाएका हौं,' उनले भने ।

सहायक क्याम्पस प्रमुख ठाकुरले अनुशासन, संस्कार र गुणस्तरीय शिक्षालाई केन्द्रमा राखेर स्थापना भएको क्याम्पसलाई सोहीअनुसार अगाडि बढाउन आफूहरूले इमान्दार प्रयत्न गरिरहेको बताए । छोरीहरूसहित विदेशिएका अभिभावकले जिम्मामा छोडेका सन्तानलाई असल अभिभावकत्वसहितको गुणस्तरीय शिक्षा दिनु आफ्नो उद्देश्य र दायित्व भएको ठाकुरको भनाइ छ ।

सबैभन्दा रोचक त क्याम्पस स्थापना हुँदाका बेलाजस्तै आफ्ना विद्यार्थी र विशेषगरी छात्राहरूको सुरक्षाका लागि घरबाट निस्किने बेला बिहान पाँच बजे र घर फर्किनेबेला चोकचोकमा आफ्ना प्रतिनिधि खटाएर सुरक्षा गर्ने काम अहिले पनि चलिरहेको छ । 'त्यतिबेला जुन सोचका साथ क्याम्पस स्थापना गरेका थियौं, त्यसमा सफलता मिल्दै गएको छ । छोरीचेलीलाई पढाउने, स्वावलम्बनका लागि लगानी गर्ने अवस्था बनेको छ । शिक्षाप्रति छोराहरूभन्दा छोरीहरूको लगाव, उपस्थिति र इमान्दरिता देख्दा यसमा हाम्रो पनि सानो योगदान छ भनेर निकै खुसी लाग्छ,' क्याम्पस प्रमुख साहले भने । *रासस*


सुदुरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**महाकाली प्रादेशिक अस्पताल**
कन्चनपुर

**दरभाउपत्र प्रकाशित सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२५ (7th April 2024)

यस **महाकाली प्रादेशिक अस्पताल**को तपसिल बमोजिमको कार्यका लागि दरभाउपत्र सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस कार्यालयको सूचना पाटी र http://www.bolpatra.gov.np//egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | लागत अनुमान मु.अ.कर बाहेक | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | MPH/SQ/Goods/2080/081-1 | औषधि तथा औषधिजन्य (सर्जिकल) मालसमान सप्लाई | १०५०००। | १०००। | ३८२५४२०। | २०८१।०१।१० दिउँसो १२:०० बजेसम्म | २०८१।०१।१० दिउसो २:०० बजे |

मेडिकल सुपरिन्टेण्डेण्ट



**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, मोरङ, नेपाल**

**बेलबारी नगरपालिकाको हुरी बतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश**

*गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् ।*
*आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ ।*
*सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔँ ।*

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफ्नो ठाउँबाट खबरदारी गरौं ।



**दशरथचन्द नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**गढी,बैतडी**
**सुदुरपश्चिम प्रदेश ,नेपाल**

**आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/२५**

उपरोक्त सम्बन्धमा एक(१) थान 32 seater passenger Bus खरीद कार्यका लागि यस दशरथचन्द नगरपालिका नगरकार्यपालिकाको कार्यालय, गढी बैतडीकालागि मिति २०८०/१२/१६ गते प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरूलाई आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि दशरथचन्द नगरपालिकाको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड(क) को(८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख)मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम ९(ख) बमोजिम १० दिनभित्र कार्यालयमा सिलबन्दी सहित प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**




### अभिनेत्री थापा दुर्घटनामा घाइते

नेपाली फिल्मकी चर्चित चरित्र अभिनेत्री कोपिला थापा गम्भीर घाइते भएकी छन् । भारतको पन्जाबमा भएको सडक दुर्घटनामा केही दिन अगाडि उनी घाइते भएको नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले जानकारी दिए । एक कार्यक्रममा सहभागी भएर पञ्चकुलातिर फर्किएको उनीहरु चढेको कार दुर्घटना भएको थियो । दुर्घटना लगत्तै स्थानीयले उद्धार गरेर उनीहरूलाई चण्डीगढस्थित नेहरु अस्पताल पुऱ्याएका थिए । 'केही दिन अगाडि मलाई कोपिलाले खबर गर्नुभएको थियो', निरौलाले भने- 'उनको अस्पतालमा उपचार भइरहेको छ ।' उनले आफ्नो कम्बरदेखि तल नचलेको र ठिक हुन ६,७ महिना लाग्ने बताएको निरौलाको भनाई छ ।





# वरिष्ठ सई भण्डारीको उपन्यास 'दृष्टिपथ' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रहरी वरिष्ठ नायब निरीक्षक (बरिष्ठ सई) एवं उपन्यासकार गोपीराम भण्डारीको उपन्यास 'दृष्टिपथ' विमोचन गरिएको छ। मुक्तिनाथ दर्शन साहित्य समाजले यहाँ आयोजना गरेको कार्यक्रममा उपन्यासकार भण्डारीद्वारा लिखित उपन्यास 'दृष्टिपथ'को विमोचन गरिएको हो ।

उक्त कृतिको नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी)द्वय टेकप्रसाद राई, टेकबहादुर तामाङ, मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा डा खगेन्द्रप्रसाद लुइँटेल, नेपाल सरकारका पूर्वसचिव एवं समालोचक गोपीनाथ मैनालीलगायतले विमोचन गरे ।

कार्यक्रममा एआइजी राईले समाज रूपान्तरणमा नागरिक र प्रहरीबीचको सहकार्य महत्वपूर्ण रहेको उल्लेख गरे । उनले प्रहरीको व्यस्त सेवामा रहेर पनि आफ्नो साहित्यिक अभियानलाई अगाडि बढाएको भन्दै लेखकप्रति शुभकामना दिए । सामाजिक कामसँगै साहित्य कृति प्रकाशन गर्नु सराहनीय कार्य भएको उनको भनाइ थियो। उनले प्रतिभावान कर्मचारीलाई अगाडि बढाउन नेपाल प्रहरीले काम गरिरहेको उल्लेख गरे । एआइजी राईले नेपाल प्रहरीले आफ्नो पत्रिकामार्फत साहित्यिक कृतिलाई अगाडि बढाउँदै लगेको स्पष्ट पारे ।

मानक नेपाली भाषा अभियान अन्तर ाष्ट्रिय सञ्जालका अध्यक्ष प्रा डा लुइँटेलले उपन्यास सानो भए पनि उक्त उपन्यासभित्र धेरै विषयवस्तु भएको बताए । 'युगीन विकृति, विसङ्गतिको यथार्थ चित्रण गरेको उक्त उपन्यास सामाजिक उपन्यास हो', उनले भने । सरल भाषाशैलीमा लेखिएको उक्त कृति पछिल्लो समयको उत्कृष्ट कृति भएको उनको भनाइ छ ।

नेपाल सरकारका पूर्वसचिव एवं वरिष्ठ समालोचक मैनालीले उपन्यासले नेपाली जीवनशैली, ग्रामीण परिवेशलाई उजागर गरेको बताए । उनले उपन्यासभित्र भाषाशैली केही नमिले पनि उक्त कृति पठनीय रहेको उल्लेख गरे । समालोचक मैनालीले उपन्यासलाई चलचित्र बनाउन सकिने बताए । वरिष्ठ समालोचक एवं लघु कथाकार युवराज मैनालीले 'दृष्टिपथ' सामाजिक रूपान्तरणका लागि लेखिएको उपन्यास भएको बताए। उनले लेखकमा साहित्यप्रति अथाह भविष्य रहेको उल्लेख गरे ।

मुक्तिनाथ दर्शन साहित्य समाज नेपालका अध्यक्ष कलानिधि दाहाल, समाजका संरक्षकद्वय हरिभक्त सिग्देल र प्रा डा अर्जुनदेव भट्ट, नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डिआइजी) भीमप्रसाद ढकाल, वरिष्ठ पत्रकार विजय चालिसे, साझा प्रकाशनका महाप्रबन्धक भेषराज घिमिरे, सुरभी साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुराम पौडेललगायतले लेखक भण्डारीको कृतिले नेपाली साहित्यमा थप इँटा थपिएको बताउँदै आगामी दिनमा नयाँ कृति लेख्न आग्रह गरेका थिए । उपन्यासका लेखक एवं प्रहरी वरिष्ठ नायब निरीक्षक भण्डारीले स्कुल पढ्दादेखि नै आफूलाई साहित्य क्षेत्रमा रुचि जागेकाले साहित्य क्षेत्रलाई अगाडि बढाएको बताए । उनले आगामी दिनमा पनि नेपाली साहित्य क्षेत्रलाई अगाडि बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

# तामाङ सेलोको 'ओइ सोल्टिनी'

■ प्रभाव संवाददाता





**काठमाडौं–** गायक अयुमी तामाङको तामाङ सेलोको म्युजिक भिडियो 'ओइ सोल्टिनी' सार्वजनिक भएको छ। नेपाली सेनाका उपरथी डा आशबहादुर तामाङको गीत तथा सङ्गीत रहेको उक्त म्युजिक भिडियोको निर्देशन अनिश क्षेत्रीले गरेका हुन् । अयुमी तामाङ, सिद्धार्थ सिल्वाल, अनिश क्षेत्रीलगायतको अभिनय रहेको सो म्युजिक भिडियो टयुटुव मार्फत केही समयअघि सार्वजनिक गरिएको हो ।

नेपाली लोकभाका तामाङ सेलोको संरक्षण एवं नयाँ पुस्तालाई लोकभाकाप्रति चाख जगाउनु रहेको गीतकार डा तामाङले बताए । अष्ट्रेलियामा अध्ययनरत अयुमी हजुरआमा धनमाया तामाङको विँडो थाम्ने सिलसिलामा 'ओई सोल्टिनी'को म्युजिक भिडियोका लागि काठमाडौं आएका थिए। उनी अष्ट्रेलियामा आधुनिक पप गीत समेत गाउँदै आएका छन् । अयुमीका पिता आशबहादुर खासगरी लोकगीतका साथै राष्ट्रियता र प्रकृति संरक्षणसम्बन्धी गीत लेखनमा स्थापित छन् ।

# अनमोल र पूजासँग भिड्ने भयो 'पुजार सार्की'

■ प्रभाव संवाददाता




**काठमाडौं–** बहुस्टारकास्ट रहेको 'पूजार सार्की' जेठ १० गते प्रदर्शनमा आउने भएको छ। निर्देशक दिनेस राउतले पुजार सार्की जेठ १० गते बुद्ध जयन्तीको अवसर पारेर रिलिज गर्ने घोषणा गरेका हुन् ।

योसँगै जेठ १० गते तीन फिल्म भिड्ने भएका छन् । यस मितिमा पुजार सार्कीसहित अनमोलको फर्की फर्की र पुजा शर्माको 'दान्भी' भिड्ने भएपछि फिल्म क्षेत्र तरंगित बनेको छ ।

यी तीनवटै फिल्ममा अहिलेका चल्तीका 'स्टार' कलाकार रहेका छन् । 'पूजार सार्की' मा प्रदीप खड्का, पल शाह र आर्यन सिग्देल प्रमुख भूमिकामा छन् । त्यस्तै 'फर्की फर्की'मा अनमोल केसी र जसिता गुरुङ छन् भने 'दान्भी' मा पूजा शर्मा प्रमुख भूमिकामा छिन् ।

जेठ १० गते बुद्ध जयन्ती र जेठ १५ गते गणतन्त्र दिवसको विदा रहेको यस साता फिल्म निर्माताले राम्रो फाइदा हुने अनुमान सहित फिल्म रिलिज गर्दै छन्। तर फिल्म विश्लेषकहरूले यहि मात्र कारण नभएर, कलाकारबीचको आपसी दुश्मनी, निर्देशक र निर्मताहरूबीचको आपसी टक्करका कारण तीन ठुला फिल्म भिड्न लागेको बताएका छन् । तर जेठ १० नजिकिदै गर्दा तीन मध्ये कम्तिमा एक फिल्म यस मितिमा रिलिज नहुने बताइएको छ । यसमा पुजाको 'दान्भी'को मिति परिवर्तन हुनसक्ने अनुमान गरिएको छ ।

## रंगशाला

**अन्तरवडा ब्याडमिन्टन**

# एलेस र विक्की अन्तिम आठमा




■ प्रभाव संवाददाता

**भक्तपुर–** मध्यपुर ठिमी नगरपालिका वडा नं. ८ का एलेस चक्रधर र ४ का विक्की श्रेष्ठ भक्तपुरमा जारी दोस्रो भक्तपुर जिल्ला अन्तर वडा ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकल तर्फ अन्तिम आठमा स्थान बनाउन सफल भएका छन् ।

अन्तर्राष्ट्रिय ब्याडमिन्टन विकास केन्द्र, लोकन्थलीद्वारा आयोजित प्रतियोगितामा चक्रधरले मध्यपुर १ का हरि खड्कालाई २१-१३, १६-२१, २१-१६ ले र विक्कीले मध्यपुर ५ का अङ्कित श्रेष्ठलाई २१-९, २१-१५ ले पराजित गर्दै अन्तिम ८ को यात्रा तय गरेका हुन्। यस्तै अन्तिम आठमा प्रवेश गर्ने क्रममा सूर्यविनायक ५ का सरोज खड्काले मध्यपुर ८ का अष्टमान चक्रधरलाई २१-७, २१-१० ले पराजित गरे। यसै गरी मध्यपुर ७ का दशरथ बुढा, ३ का स्वर्णिम गिरी र ४ का संयोज बस्नेत प्रतिद्वन्द्वीबाट वाकओभर प्राप्त गर्दै अन्तिम आडमा पुगे ।

ब्वाईज यु-१५ एकल तर्फ भएको एक मात्र खेलमा मध्यपुर ८ का सुगम कार्कीले ३ का अनीश बस्याललाई २१-११, २१-८ ले पराजित गर्दै अन्तिम आठमा स्थान बनाए ।

पुरुष युगल तर्फको खेलमा मध्यपुर ठिमी ७ का भीमराज कार्की र साजन न्यौपानेको जोडीले सूर्यविनायक ८ का राजेश खाइतु र शक्ति श्रेष्ठको जोडीलाई २१-१६, २१-१२, सूर्यविनायक ३ का आशिष निरौला र अशिष निरौलाको जोडीले मध्यपुर २ का कृष्ण थापा मगर र राजु श्रेष्ठको जोडीलाई १७-२१, २१-१७, २१-१४ र सूर्यविनायक वार्ड नं. ४ का नवराज सापकोटा र प्रेम तामाङको जोडीले मध्यपुर ठिमी ५ का दीपक श्रेष्ठ र रमेश श्रेष्ठको जोडीलाई २१-७, २१-२ ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान पक्का गरे ।

यसैगरी मास्टर्स युगल ४५ वर्ष माथिको प्रतिस्पर्धामा सूर्यविनायक ८ का डेन लामा र राकेश थापा मगरको जोडी, मध्यपुर १ का दीपक खनाल र मनिष पराजुलीको जोडी, सूर्यविनायक ४ का केशव कार्की र भजेश खड्का, मध्यपुर १ का मोहन कबे र श्याम बहादुर थकुलाको जोडी, मध्यपुरकै प्रेमभक्त जैना र सुरेश कुमार श्रेष्ठको जोडी, सूर्यविनायक ४ का उमेश कार्की र उमेश खड्काको जोडी, ८ का दीपक बस्नेत र राजेश धिमसुको जोडी, मध्यपुर ८ का हरि धेके र पूर्णहरि होनाको जोडी पनि क्वाटरफाईनलमा प्रवेश गर्न सफल भएका छन् ।

# सरोज र जुनिता बने च्याम्पियन

**काठमाडौं (प्रस)–** नयाँ वर्ष २०८१ को अवसरमा नेपालकै जेठो जिम नेपाल व्यायाम मन्दिरले आयोजना गरेको सातौं स्व.नीलकण्ठ नारायण मानन्धर स्मृति बेन्च प्रेस, स्क्वाट र डेडलिफ्ट प्रतियोगितामा पुरुषतर्फ सरोज मानन्धर र महिलातर्फ जुनिता श्रेष्ठले प्रथम स्थान हासिल गरेका छन् ।

हरेक नयाँ वर्षको अवसरमा आयोजना गरिने शुभकामना आदानप्रदान तथा स्व.नीलकण्ठ नारायण मानन्धर स्मृति बेन्च प्रेस र स्क्वाट र डेडलिफ्ट प्रतियोगितामा यसपटक विजेता बनेका सरोजले १० हजार र जुनिताले ७ हजार नगद पुरस्कार प्राप्त गरे । खुला रूपमा क्लबका प्रशिक्षार्थीहरूबिच गरिएको उक्त प्रतियोगितामा पुरुषतर्फ प्रथम हुने सरोजले बेन्च प्रेस र स्क्वाट र डेडलिफ्टका प्रत्येक तीन सेटमा गरी कुल ३ सय ५०.२८ किलोग्राम तौल उचालेका थिए। त्यस्तै, दोस्रो हुने दिलेन्द्र महर्जनले ३ सय ४५.०६ केजी र तेस्रो हुने सन्तोष गिरीले ३ सय २०.३६ केजी तौल उचालेर क्रमशः ५ हजार र ३ हजार नगद पुरस्कार प्राप्त गरे। त्यसैगरी, महिलातर्फ प्रथम हुने जुनिताले २ सय १३.१३ किलोग्राम उचालेकी थिइन् । दोस्रो हुने एनी सायराले १६०.६३ केजी र तेस्रो हुने पूजा सुनुवारले १४६.३६ केजी भार उचालेकी थिइन्। महिलातर्फ दोस्रो र तेस्रो हुनेले क्रमशः पाँच र तीन हजार नगद पुरस्कार प्राप्त गरे ।

त्यसैगरी डेमोस्ट्रेसन प्रतिस्पर्धाको रूपमा खेलाइएको डेडलिफ्टको मात्र एकल स्पर्धामा सर्वाधिक २ सय १० केजी भार उचालेर सविन परियारले नगद १० हजार पुरस्कार जित्न सफल भए। विजेताहरूलाई प्रमुख अतिथि तथा काठमाडौं महानगरपालिकाका प्रवक्ता तथा काठमाडौं १७ वडाका अध्यक्ष नवीन मानन्धर, विशेष अतिथि काठमाडौं २७ वडाका अध्यक्ष योगेश खड्गी, नेपाल व्यायाम मन्दिरका अध्यक्ष नारायण प्रधान, प्रथम मिस्टर नेपाल तथा व्यायाम मन्दिर डाइरेक्टोरियल काउन्सिलका शिवलाल श्रेष्ठ लगायतले नगद पुरस्कारसहित ट्रफी तथा प्रमाणपत्र प्रदान गरे ।

**लुम्बिनी अन्तर्राष्ट्रिय म्याराथन**

# पुरुषतर्फ पुन र महिलातर्फ श्रेष्ठलाई उपाधि

■ प्रभाव संवाददाता




**बुटवल–** लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथन अन्तर्गत पुरुषतर्फको म्याराथनको उपाधि बागलुङका तीर्थ पुनले जितेका छन् । शनिबार लुम्बिनीमा भएको कार्यक्रममा पुनले निर्धारित ४२ दशमलव १९५ किलोमिटरको दुरी २ घण्टा २० मिनेट ४९ सेकेन्डमा पुरा गर्दै उपाधि हात पारेका हुन् । उपाधिसँगै उनले नगद ५ लाख रूपैयाँ, स्वर्ण पदक, ट्रफी तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यस्तै, सो दुरीलाई २ घण्टा २१ मिनेट ११ सेकेन्डमा पुरा गर्दै नेपाली सेनाका खड्कबहादुर खड्काले द्वितीय स्थान प्राप्त गरेका छन्। उनले नगद ३ लाखसहित रजत पदक र प्रमाणपत्र पाए । त्यस्तै कर्णाली (जुम्ला)का दुर्गाबहादुर बुढाले २ घण्टा २२ मिनेट ४६ सेकेन्डमा सो दुरी पुरा गर्दै तृतीय स्थान प्राप्त गरे । उनले उपाधिसँगै २ लाख रूपैयाँ प्राप्त गरेका छन्। प्रतियोगितामा अनीश थापाले चौथो स्थान हासिल गरेका छन्।

उनले १ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा किरण बोगटी पाँचौं, सुशीलकुमार शाही छैटौं, होमलाल श्रेष्ठ सातौं, जुनेश खड्का आठौं, राजन चौधरी नवौं र प्रकाश गैरेले दसौं स्थान हासिल गरे । पाँचौंदेखि १० औं स्थान प्राप्त गर्नेले क्रमशः ८०, ६०, ४०, २०, १० र ५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरेका छन् । विजेतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, चिनियाँ राजदूत चेन सोङ, लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्य, नेपाल पर्यटन बोर्डका सदस्य सचिव मणि लामिछाने र प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव जयप्रकाश भट्टराईले पुरस्कार प्रदान गरेका थिए ।

यस्तै महिलातर्फ हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जितेकी छन् । धाविका श्रेष्ठले निर्धारित २१ दशमलव १ किलोमिटरको दुरी १ घण्टा १८ मिनेट ४५ सेकेन्डमा पुरा गर्दै दोस्रो संस्करणको लुम्बिनी म्याराथनको उपाधि जितेकी हुन्। त्यस्तै, नेपाली सेनाकी पूर्णराज्यलक्ष्मी न्यौपानेले १ घण्टा १९ मिनेट २१ सेकेन्डमा सो दूरी पार गर्दै दोस्रो स्थान प्राप्त गरेकी छन् । उनीहरू लुम्बिनीबाट विमानस्थल पुगेर फर्केका थिए ।

एपीएफकी पुष्पा भण्डारी सो दुरी १ घण्टा २५ मिनेट १४ सेकेन्डमा पुरा गर्दै तेस्रो भइन् । विजेता श्रेष्ठले स्वर्ण पदक सहित २ लाख, न्यौपानेले रजत पदक र १ लाख ६० हजार तथा भण्डारीले कांस्य पदक र १ लाख २० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् ।

त्यस्तै, ५ किलोमिटरको विद्यालय छात्रातर्फ अरुणा चौधरी प्रथम, कुसुम ठगुना द्वितीय र भुमा चौधरी तृतीय हुन सफल भए । छात्रतर्फ आशिषकुमार क्षेत्रीले तृतीय, सन्देश पाण्डेले द्वितीय र उमेश बराइले प्रथम स्थान ओगट्न सफल भए । साथै खुला ५ किलोमिटर पुरुषतर्फ नागेश्वर ऐर प्रथम, अक्कलबहादुर पाल द्वितीय र गणेश सिंह राउत तृतीय भए ।

५ किलोमिटर दौडको महिलातर्फ सिर्जना पाण्डे प्रथम, आशा राउत द्वितीय र निर्मला केसी तृतीय भए । ५ किलोमिटरको सबै विधामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः जनही १५, १० र ५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरेका छन्। म्याराथन, हाफ म्याराथन तथा पाँच किमी दौडको सुरुवात तथा अन्त लुम्बिनी स्कवायरमा भएको थियो । यस्तै लुम्बिनीमा बुद्धकालीन खेल कुस्ती र आचरी खेल पनि प्रदर्शन गरिएको छ। लुम्बिनी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव जयप्रकाश भट्टराईले आगामी वर्ष पनि प्रतियोगितालाई निरन्तरता दिने बताए ।



जेरुसलमको पुरानो सहरको अल-अक्सा परिसरमा रमजानको अन्तिम शुक्रबार प्रार्थनामा सहभागी मुस्लिम धर्मालवम्बीहरू ।

*तस्बिरः रासस*

# भूकम्पका कारण हिमाली क्षेत्रमा फसेका पर्यटकको उद्धार

**हुलियान (ताइवान)–** विनासकारी भूकम्पका कारण सडक तथा सुरुङमार्ग अवरुद्ध भएपछि ताइवानको पहाडी तथा हिमाली क्षेत्रमा केही दिनदेखि अलपत्र परेका सयौं पर्यटक तथा सर्वसाधारणलाई हवाइमार्गबाट उद्धार गर्न सुरू गरिएको छ ।

ताइवानी हेलिकप्टरले पर्यटकलाई सुरक्षित स्थानमा पुर्‍याउन शनिबार उडान भरेका छन् । ताइवानमा बुधबार गएको ७.४ म्याग्निच्युडको भूकम्पमा परी १० जनाको मृत्यु हुनुका साथै एक हजार १०० भन्दा बढी घाइते भएका छन् ।

भूकम्पका कारण ठूलो पहिरो खसेको थियो जसका कारण ताइवानको पूर्व-पश्चिम राजमार्गको सुरुङ र घुमाउरो सडकको लामो खण्ड अवरुद्ध भएको थियो भने पहाडी भिरालो जमिनमा कोरिएका उत्तरदक्षिण क्षेत्रका तटीय मार्ग पनि अवरुद्ध भएका थिए । राजधानी ताइपेइबाट करिब १०० किलोमिटर दक्षिणमा रहेको हुलियानमा भूकम्पपछि शनिबार बिहान ५.२ म्याग्निच्युडसहितका ३०० भन्दा बढी परकम्प गएका छन् ।

नेसनल एयरबोर्न सर्भिसका हेलिकप्टरहरूले तारोको राष्ट्रिय निकुञ्ज नजिकैको प्रभावित क्षेत्रमा उद्धारका लागि उडान भरेका छन् । ताइवानी समाचार संस्था 'इटी टुडे' का अनुसार वृद्धवृद्धा, कमजोर, महिला, बालबालिका र दीर्घरोग भएका व्यक्तिलाई उद्धारका क्रममा पहिलो प्राथमिकता दिइएको छ ।

पहाडी क्षेत्रमा रहेको सिल्क्स प्लेस होटलबाट करिब ४०० भन्दा बढी पर्यटक र कर्मचारीहरू फसेका स्थानबाट उद्धार भएकाहरू सबैजना थकित देखिए पनि सबैले उद्धारका लागि खुसी व्यक्त गरेका छन् । उनीहरूले आफन्त तथा साथीहरू अझै माथिल्लो भागमा फसेको बताउँदै उनीहरूको उद्धारमा तदारूकता देखाउन आग्रह गरे ।

झोउ नाम गरेका एक पास्टरले स्थानीय सञ्चारमाध्यमसँग बुधबारको भूकम्पपछि पनि धेरै परकम्पहरू आएका र यसले उद्धारको पखाईमा पहाडी क्षेत्रमा रहेका पर्यटक तथा सर्वसाधारणलाई निकै निराश बनाएको बताए । परकम्प पनि निकै ठूला र भयानक महसुस गरिएको उनको भनाइ थियो ।

उनले भने, 'म सुतिरहेको बेला भूकम्प आयो, म असाध्यै आत्तिएँ तर परमेश्वरको कृपाले गर्दा म आशावादी बने र आफ्नो डरलाई दूर गर्न सफल भएँ ।'

उद्धारकर्ताहरूले दुर्गम प्राथमिक विद्यालयका विद्यार्थी, शिक्षक र बासिन्दाहरूको समूहलाई खाना र आपूर्तिका बाकसहरू पनि हवाई मार्ग हुँदै ठाउँठाउँमा खसालेका थिए । अन्य क्षेत्रमा पनि इञ्जिनियरहरूले सडक र सुरुङको प्रवेशद्वारबाट ठूला-ठूला ढुंगाहरू हटाउन चौबिसै घण्टा काम गरिरहेका स्थानीय सञ्चारमाध्यमले सरकारी अधिकारीलाई उद्धृत गरी उल्लेख गरेका छन् ।

ताइवानका नवनिर्वाचित उपराष्ट्रपति सियाओ बि-खिमले शुक्रबार भने, 'उद्धारकर्ताहरूले हार मानेका छैनन् । रातदिन काम गरिरहेका छन् ।'

ताइवानमा सन् १९९९ मा गएको ७.६ म्याग्निच्युडको भूकम्पपछि बुधबारको भूकम्प सबैभन्दा शक्तिशाली भूकम्प हो । त्यस समय मृत्यु हुनेको संख्या निकै बढी थियो । सम्भवतः ताइवानको इतिहासकै सबैभन्दा घातक प्राकृतिक प्रकोप थियो । उक्त भूकम्प र यसबाट सिर्जित प्रकोपका कारण करिब दुई हजार ४०० जनाको मृत्यु भएको थियो ।

भवन कोडहरूमा बढ्दो भूकम्पीय आवश्यकतासहित व्यापक सार्वजनिक प्रकोप जागरूकताले यसपटक अधिक गम्भीर विपत्तिबाट निकै कममात्र मानवीय क्षति भएको देखिन्छ । भूकम्पजन्य प्रकोपबाट हुने क्षतिलाई कम गर्न बनेको राष्ट्रिय निकायले शुक्रबार सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनमा भूकम्पका कारण ८४ वटा भवनमा ठूलो क्षति पुगेको उल्लेख छ । *रासस/एएफपी*

# नयाँ प्लान्ट स्थापना गर्ने टेप्कोको घोषणा

**टोकियो–** आणविक ऊर्जा केन्द्रमा दूषित पानी चुहावटको कारण प्लान्टको सञ्चालक 'टोकियो इलेक्ट्रिक पावर कम्पनी' (टेप्को) ले रोकथामका लागि नयाँ विद्युत्तीय पावर प्लान्ट स्थापनाको योजना घोषणा गरेको छ ।

टेप्कोले केन्द्रमा देखिएको समस्या समाधानका लागि नयाँ पाइप तथा भेन्टिलेसन राखिने र निर्माण सोमबारबाट सुरु हुने उक्त कार्य मार्च अन्त्यसम्ममा सम्पन्न हुने बताएको छ ।

भवनमा दूषित पानीको उपचार गर्न प्रयोग गरिने सरलीकृत सक्रिय पानी प्रशोधन र पुनः प्राप्ति प्रणाली (एसएआरआरवाई) का लागि पाइपहरूको सफाइको क्रममा फेब्रुअरी ७ मा मानवीय त्रुटिका कारण धेरै द्वारहरू बन्द हुँदा चुहावट भएको प्लान्टबाट ६.६ अर्ब रेडियोधर्मी विकिरणसहितको करिब १.५ टन आणविक-दूषित पानी चुहावट भएको थियो ।

गत वर्ष अक्टोबरमा पनि आणविक प्लान्टमा समस्या आएको थियो जसका कारण पाँच जना कामदार रेडियोधर्मी पदार्थयुक्त तरल फोहोरको संक्रमणबाट प्रभावित भएका थिए ।

पावर कम्पनी टेप्कोका अनुसार यस योजनामा दूषित पानी चुहावट भएको उच्च तापक्रम इन्सिनरेटर (फोहोर जलाउने भट्टी) भवनमा जडान गरिएको पाइप काट्ने र नयाँ पाइपहरू ठाडो दिशामा स्थापना गरिने भएको छ । पाइपहरूमा बग्ने पानीलाई भवन भित्रका प्लास्टिकका भाँडा (कन्टेनर)हरूमा जम्मा गरी ढकनी लगाएर बन्द गरिएको जानकारी थियो । कन्टेनरहरूमा बाहिर पानी संकलन गर्न र चुहावटलाई निगरानी गर्न क्यामरा र डिटेक्टरहरू प्रयोग गरिने टेप्कोले बतायो ।

प्लान्टमा खर्च गरिएको आणविक इन्धन व्यवस्थापन गर्नका लागि बनाइएको परिमार्जन गर्न आणविक नियमन प्राधिकरणलाई स्वीकृतिका लागि टेप्कोले स्वीकृति दिएको छ । सन् २०२३ मा वातावरणीय समूह, गैरसरकारी संस्था र आणविक विरोधी आन्दोलनको बारम्बार आपत्तिपछि जापानले प्रशान्त महासागरमा फोहोर पानी फाल्न छोडेको थियो । *रासस/सिन्ह्वा*

# एक करोडभन्दा बढी चिनियाँ प्रमुख रोगसम्बन्धी बिमाबाट लाभान्वित

**बेइजिङ–** सन् २०२३ मा चीनको प्रमुख रोगसम्बन्धी बिमाबाट करिब एक करोड १० लाख ५६ हजार सहरी तथा ग्रामीण बासिन्दा लाभान्वित भएका छन् । चीनले चिकित्सा खर्चबाट उत्पन्न हुने आर्थिक जोखिमलाई कम गर्न आधारभूत चिकित्सा बिमा, प्रमुख रोग बिमा र चिकित्सा सहायतासहितको तीन तहको स्वास्थ्य सेवा सुरक्षा प्रणाली स्थापना गरेको छ । आधारभूत चिकित्सा बिमाद्वारा सेवा लाभ गरेका करिब एक अर्ब व्यक्तिहरू पनि प्रमुख रोग बिमाद्वारा लाभान्वित भई अतिरिक्त शुल्कबाट मुक्त भएका छन् ।

हाल, कुनै निश्चित क्षेत्रमा प्रमुख रोग बिमाका लागि न्यूनतम भुक्तानी मापदण्ड अघिल्लो वर्ष स्थानीय बासिन्दाहरूको प्रतिव्यक्ति 'डिस्पोजेबल आय'को ५० प्रतिशतभन्दा बढी हुनुहुँदैन र प्रतिपूर्ति दर उनीहरूको मेडिकल बिलको ६० प्रतिशतभन्दा कम हुनुहुँदैन । सबै करहरू भुक्तानी गरेपछि बाँकी आम्दानीलाई डिस्पोजेबल आय भनिन्छ । न्यूनतम निर्वाहभत्ता प्राप्त गर्ने, विशेष कठिनाइ भएका व्यक्तिहरू र गरिबीमा पर्ने वा फर्कने व्यक्तिहरूका लागि प्रतिपूर्ति दर पाँच प्रतिशत बिन्दु बढी हुनुपर्दछ । *रासस/सिन्ह्वा*

# दूषित पानी पिउँदा पाँच बालबालिकाको मृत्यु

**पाकिस्तान–** पाकिस्तानको सिन्ध प्रान्तको संघर जिल्लामा बोरिङको दूषित पानी पिउँदा पाँच बालबालिकाको ज्यान गएको एआरवाई न्युजले शुक्रबार जनाएको छ ।

संघरका उपायुक्तले संघरको नजिकैको हाते पम्पबाट तानिएको दूषित पानीसेवन गर्दा चारदेखि आठ वर्ष उमेर समूहका पाँच जना बालबालिकाको मृत्यु भएको बताए । एआरवाई न्युजका अनुसार, विषाक्त पानी सेवनको घटनापछि तुरुन्तै उनीहरूलाई अस्पतालमा लगिएको अधिकारीले जनाएका छन् । पानी सेवन गरेपछि उनीहरूले ज्वरो वान्तालगायतका असहजताको सामना गरेको उपचारको क्रममा बताएका थिए । उनीहरूको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो । घटनापछि स्वास्थ्य अधिकारीसहितको एक टोली पानीको परीक्षण गर्न उक्त गाउँमा पठाइएको थियो । *रासस/एएनआई*

# अमेरिका र चीनबीच 'सन्तुलित आर्थिक वृद्धि' का लागि वार्ता गर्ने सहमति

**ग्वान्झाओ–** संयुक्त राज्य अमेरिका र चीनबीच 'सन्तुलित वृद्धिका लागि गहन आदानप्रदान' गर्न सहमति भएको छ ।अमेरिकी अर्थमन्त्री जेनेट येलेन र उनका चिनियाँ समकक्षी हे लिफेङबीच ग्वान्झाओमा दुई दिनसम्म चलेको वार्तापछि अमेरिकी अर्थ मन्त्रालयले विज्ञप्तिमार्फत उक्त जानकारी दिएको हो ।

विज्ञप्तिमा भनिएको छ, 'गत नोभेम्बरमा अमेरिकी राष्ट्रपति जो बाइडेन र सी चिनफिङबीच भएको भेटवार्तापछि विश्वका दुई प्रमुख अर्थतन्त्रबीचको चट्टानी सम्बन्धलाई स्थिर बनाउने संयुक्त प्रयासमा यो पछिल्लो कदम हो ।'

येलेनले शनिबार भएको एक कार्यक्रममा भनिन्, 'यी आदानप्रदानले समष्टिगत आर्थिक असन्तुलनको बारेमा छलफल गर्न मद्दत गर्ने छ । छलफलले चीनको क्षमताभन्दा बढी देखिएको विश्वव्यापी आपूर्ति नियन्त्रणबारे बहस चलाएको छ र म यसलाई अमेरिकी कामदार र फर्महरूका लागि समान अवसर सिर्जनाका लागि भएको छलफलका रूपमा व्याख्या गर्न चाहन्छु ।' ताइवान र भिडियो एप टिकटकको पहुँचलाई लिएर वासिङ्टन र बेइजिङबीच तनाव थपिएको समय येलेनको चीन भ्रमण भएको हो ।

सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा गरेको आक्रमणको बेइजिङले निन्दा नगरेको भन्दै रूसलाई चिनियाँ कम्पनीले युद्धका लागि सहयोग गरेमा 'महत्त्वपूर्ण परिणाम' भोग्नुपर्ने अमेरिकी अथैमन्त्रीले चेतावनी दिइन् । अमेरिकी अर्थमन्त्री येलेनले भनिन्, 'रूसी रक्षा औद्योगिक आधारलाई समर्थन गरेमा यसबाट चीनले नराम्रो परिणाम व्यहोर्नुपर्ने हुन्छ । जनगणतन्त्र चीनमा रहेका हतियार उत्पादन कम्पनीसहित विश्वका अन्य कम्पनीहरूले युक्रेनविरुद्ध रूसको युद्धका लागि भौतिक समर्थन प्रदान गर्नु हुँदैन ।' *रासस/एएफपी*

**श्री युवा सहभागिता माध्यमिक विद्यालय**
**नागार्जुन-५, सितापाइला**

**साइन्स ल्याब स्मार्टबोर्ड र फर्निचर खरिद गर्नेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(पहिलो पटक प्रकाशित मिति २०८०/१२/२५ गते)**

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशको अनुदान सहयोगमा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले योग्य इच्छुक संस्था/कम्पनीहरूबाट रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | सूचना नं. | विषय | धरौटी रकम | दरखास्त रकम |
|---|---|---|---|---|
| १. | १/२०८०/८१ | Science Lab (स्मार्टबोर्ड र फर्निचर) | २.५० प्रतिशत | १००० |

१. सिलबन्दी दरभाउ पत्रमा सामाग्रीको Catalogue अनिवार्य हुनु पर्नेछ ।
२. सेवा खरिदअन्तर्गतको Science Lab (**स्मार्टबोर्ड र फर्निचर**) अलग अलग खरिद गर्न सिलबन्दी दरभाउपत्र उपलब्ध गराइनेछ ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरखास्तवालाको आवश्यक कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

***नोट*** *: श्री विद्यालय प्रशासनवाट विस्तृत जानकारीका लिन सक्नु हुनेछ ।*
- सिलबन्दी दरभाउपत्रमा सूचना उल्लेख गरी सिलबन्दी दरभाउपत्र मुचुल्का गर्ने ।
- प्रतिनिधि भए उनीहरूको रोहवरमा नत्र खरिद समितिले सिलबन्दी खोली मुचुल्का गर्न पेश भएका कागजातहरू उल्लेख गर्ने ।

**इटहरी उपमहानगरपालिका**
**उपमहानगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, सुनसरी, नेपाल**

**बेलबारी नगरपालिकाको हुरी बतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश**

***गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।***

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔं, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ–आफनो ठाउँबाट खबरदारी गरौं ।

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य


| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३२७०० | प्रति तोला – १३२०५० | प्रति तोला – १६१५ |



**गमगढी बजार** | मुगुको सदरमुकाम गमगढी बजार तथा आसपासको क्षेत्रको दृश्य । पछिल्लो समय आन्तरिक पर्यटकहरू रारा पुगेर पदमार्गमार्फत गमगढी बजार पुग्ने क्रम पनि बढ्दो छ । *तस्बिर: हेमन्त केसी/रासस*

## 'राजनीतिक अवस्था नसुध्रिए अर्थतन्त्र सुध्रँदैन'

■ प्रभाव संवाददाता



**काठमाडौं–** पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको राजनीतिक अवस्था नसुध्रिएसम्म अर्थतन्त्रको अवस्था नसुध्रिने बताएका छन् । राष्ट्रिय आर्थिक सरोकार समाज नेपालले यहाँ आयोजना गरेको तेस्रो राष्ट्रिय अर्थशास्त्री सम्मेलन-२०८० मा उनले यस्तो बताएका हुन् ।

'देशको अर्थतन्त्रले भोगेका समस्याका कारण के हुन् र कसरी समाधान गर्ने भनेर हामीले जतिसुकै कुरा गरे पनि जबसम्म राजनीति दुरुस्त हुँदैन, तबसम्म अर्थतन्त्र ठिक ढङ्गले अगाडि बढ्न सक्दैन', उनले भने, 'निर्वाचन हुन्छ, सरकार बन्छ, फेरि भत्किन्छ । राजनीतिको यस्तो दुरावस्थामा अर्थतन्त्र सुध्रिँदैन ।'

पछिल्लो समय सरकार साझेदार दलहरू फेरिएर नयाँ सत्ता समीकरण बनेपछि मुलुकको राजनीति सही लयमा फर्किएको र यसले अर्थतन्त्रलाई पनि लयमा फर्काउने दाबी उपाध्यक्ष पौडेलले गरे । नागरिक सेवा प्रवाहलाई सहज बनाउने कुरालाई पहिलो प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको उनको भनाइ छ । मुलुकभित्रै पुँजी सिर्जना भएर आर्थिक वृद्धिदर नबढेसम्म अर्थतन्त्रमा सुधार नहुने उनले उल्लेख गरे ।

'अहिले अर्थतन्त्रको समस्या भनेको न्यून आर्थिक वृद्धिको समस्या हो । आर्थिक वृद्धिदर बढाउन लगानी बढाउनुपर्छ', उपाध्यक्ष पौडेलले भने, 'द्रुत र उच्च आर्थिक वृद्धि कसरी हासिल गर्ने भनेर छलफल आवश्यक छ । विकासका सम्भावना पर्याप्त हुँदाहुँदै हामी किन पछाडि पऱ्यौं ? भनेर छलफल चलाइनुपर्छ ।'

पछिल्लो समय सरकारले पुँजीगत खर्च बढाउन, निजी क्षेत्रको मनोबल उठाउन, सेवा प्रवाह सहज बनाउन लगायतका क्षेत्रमा पहल गरिरहेको उपाध्यक्ष पौडेलको भनाइ छ । विकासमा सबै नागरिकको समान पहुँच निर्माण गर्नका लागि के गर्नुपर्छ भनेर सरकारले सोच्नुपर्ने उनले बताए । नेपालमा विकास आयोजना सुरुमात्रै हुन्छन्, तर समयमा सम्पन्न हुँदैनन् भन्ने प्रवृत्तिलाई चिर्नुपर्ने आवश्यकता पनि उनले औँल्याए ।

## स्वदेशी उत्पादन उपभोग गर्नुपर्नेमा मन्त्री भण्डारीको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी वस्तुमा आधारित उत्पादन उपभोग गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय उद्यम विकास सहजकर्ता महासङ्घ नेपालको काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन कार्यक्रममा शनिबार उनले स्वदेशी वस्तुमा आधारित उत्पादनलाई सरकारले प्राथमिकता दिएको उल्लेख गर्दै नेपाली उत्पादन उपभोग गर्नुपर्नेमा जोड दिएका हुन् । उनले स्वदेशी वस्तु उत्पादनमा सरकाले सहुलियत प्रदान गर्ने पनि बताए ।

विश्व बजारमा नेपाली उत्पादनको बजारीकरण गर्नुपर्नेमा जोड दिँदै उनले तीनै तहका सरकारको समन्वय जरुरी रहेको औँल्याए । मन्त्री भण्डारीले रुग्ण उद्योग सञ्चालनका लागि सरकार लागिपरेको उल्लेख गरे ।

अन्यत्र देशबाट कच्चा पदार्थ ल्याएर बजारमा प्रतिस्पर्धा गर्न नसकिने उल्लेख गर्दै उनले स्वदेशी स्रोत साधनमा आधारित उद्योग नै हाम्रा लागि उपयुक्त हुने बताए । उनले युवाहरूको उद्यमशीलताका लागि उद्योग मन्त्रालय हरसम्भव सहयोगका लागि तत्पर रहेको बताए । मन्त्री भण्डारीले स्थानीय तहलाई मजबुत बनाएर स्थानीय उत्पादन बढाउन केन्द्र सरकारले जोड दिनुपर्ने बताए । उनले संघीय सरकारले प्रदेश र स्थानीय सरकारका कानुनसित नबाँझिने गरेर कार्यविधि बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

उनले भने, 'नेपालका उद्योगमा विदेशी जनशक्ति छन्, हाम्रो जनशक्तिले तालिम नलिएका पनि छैनन्, तालिमको सदुपयोग कसैले गरेका छैनन्, यस्तो अवस्थामा हामी दक्ष जनशक्ति उत्पादन गर्न सक्दैनौं, हाम्रा उत्पादनको बजार नभएको होइन, उत्पादनको पनि कमी छ ।'

## कफीखेती विस्तार गर्दै महाभारत गाउँपालिका

**काभ्रेपलाञ्चोक (प्रस)–** जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित दुर्गम महाभारत गाउँपालिकाले कफीखेती विस्तारका लागि 'पकेट क्षेत्र' थपेको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाले थप दुई वडामा पकेट क्षेत्र बढाएको हो ।

हाल यो गाउँपालिकाका सबै वडामा कफीखेती हुँदै आएको छ । यसअघि छ वटा वडालाई पकेट क्षेत्र बनाइएको थियो । गाउँपालिकाक अनुसार यस वर्ष एक र ७ नं वडामा कफी पकेट क्षेत्र विस्तारका लागि स्थानीय किसानलाई कफीको बिरुवा रोप्दादेखि उत्पादकत्व बढाउने तथा त्यसको बजारीकरणसम्मको विषयमा तालिम दिँदै आएको छ । 'कफीखेती गर्न इच्छुक किसानलाई हौसला दिने कार्यक्रमसमेत गाउँपालिकाले गर्दै आएको छ', पालिकाको कृषि शाखा प्रमुख खिमबहादुर डाँगीले भने ।

शाखा प्रमुख डाँगीका अनुसार यो वर्ष पनि कफी प्रवर्द्धन कार्यक्रम गाउँपालिकाको बजेटमा उल्लेख गरिएको छ । सडकको विकाससँगै कफीखेती गर्ने किसानको सफ्या पनि बढिरहेको बताइन्छ । गाउँपालिकाको वडा नं २, ३, ४, ५, ६ र ८ मा १/१ वटा पटेक क्षेत्र स्थापना गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले कफीखेतीलाई प्राथमिकता दिइ सुरुआतदेखि नै कफीखेती हुने क्षेत्रको सर्वेक्षण गरेर क्रमशः त्यहीअनुसारको योजना बनाएको बताए । उनले भने, 'बाँकी दुई वटा यही आर्थिक वर्षभित्र पकेट क्षेत्र बनाउने योजनाका साथ गाउँपालिका लागेको छ ।' उनका अनुसार कफी बिक्रीबाट पालिकाभित्र वार्षिक रु ५० हजारदेखि आठ लाखसम्म आम्दानी गर्ने किसान छन् । सर्वेक्षणअनुसार पहिलो प्राथमिकतामा परेको वडा नं २ मा सबैभन्दा बढी कफीखेती भइरहेको छ । पालिकाका वडा नं ३, ४, ५, ८, ६, ७ र १ मा कफीखेती हुँदै आएको हो ।

उक्त गाउँपालिकाका एक हजार किसान व्यावसायिक कफीखेतीमा संलग्न छन् । कृषि शाखाका अनुसार गत वर्ष करिब डेढ लाख केजी चेरी-कफीको फल) उत्पादन भएको थियो । एक हजार चार सय ३३ रोपनी जमिनमा कफीखेती भइरहेको छ । गाउँपालिकाले गत वर्ष किसानलाई एक लाख कफीको बिरुवा वितरण गरेको थियो भने कफीको दुई नर्सरी स्थापना गरेको जनाएको छ ।

## आलु खेतीका लागि प्रख्यात हेम्जा

**गण्डकी–** पोखरा महानगरपालिका-२५ हेम्जा आलुका लागि प्रख्यात मानिन्छ । महानगरको कृषि महाशाखाका अनुसार हेम्जामा झन्डै तीन सय हेक्टरमा आलुखेती हुने गरेको छ ।

पाँच सय बढी किसानले व्यावसायिक आलुखेती गरिरहेका महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिए । उनका अनुसार हेम्जामा वार्षिक चार हजार पाँच सय मेट्रिक टनभन्दा बढी आलु उत्पादन हुने गरेको छ । 'वर्षमा झन्डै रु १० करोड बराबरको आलु उत्पादन हुन्छ', कडरियाले भने, 'हेम्जाको आलु देशमै 'ब्रान्ड' बनिसकेको छ ।' महानगरको तथ्याङ्कअनुसार केही वर्षअघिसम्म हेम्जामा चार सय ५० हेक्टरमा आलुखेती हुने गरेकामा त्यो घटेर अहिले करिब तीन सय हेक्टरमा सीमित भएको हो ।

आलुखेतीका लागि हेम्जा उर्वर थलो रहेको भन्दै महाशाखा प्रमुख कडरियाले पछिल्लो समय घरघडेरी विस्तारले उब्जाउ जमिन नासिएकामा भने चिन्ता व्यक्त गरे । उनका अनुसार राजमार्ग विस्तार, ठूला पूर्वाधार र तीव्र बजारीकरणका कारण हेम्जाको कृषियोग्य जमिन घट्दै गएको हो । हेम्जाको आलु बजारमा आउँदा पोखरामा बाहिरबाट आयात हुने झन्डै ५० प्रतिशतले घट्ने गरेको महाशाखा प्रमुख कडरियाले बताए । महानगरका अन्य वडामा पनि व्यावसायिक आलु खेती प्रवर्द्धन गर्न सकिए पोखराको बजार मागलाई धान्न सकिने उनको भनाइ छ ।



यहाँ 'एमएस-४२', खुमल लक्ष्मी, जनकदेवलगायत जातका आलु बाली लगाउने गरिएको स्थानीय वसन्त श्रेष्ठले बताए । किसानले कात्तिक/मङ्सिरमा लगाएको आलु चैतसम्ममा भित्र्याउन सकिने उनको भनाइ छ । 'यहाँ हिउँदे आलुको मात्रै खेती हुन्छ । यहाँ फल्ने आलु राजमार्गको पहुँचका कारण सहजै बजारसम्म पुग्ने गरेको छ । उपभोक्ताले पनि हेम्जाको आलु खोजीखोजी किन्छन्,', उनले भने ।

आलु भण्डारणका लागि महानगरको आर्थिक सहयोगका चिस्यान केन्द्र पनि निर्माण गरिएको छ । गुणस्तरीय बीउ, मलको अभाव, हावापानीमा आउने परिवर्तनलगायत कारणले आलुखेतीमा चुनौती थपिँदै गएको किसानको भनाइ छ । पछिल्लो समय 'आलु महोत्सव' हुन थालेपछि हेम्जाको आलुको बजारीकरणमा सहजता थपिएको किसान बताउँछन् । यस वर्षको बाह्रौं 'राष्ट्रिय हेम्जा आलु महोत्सव' आइतबारदेखि सुरु हुँदैछ । महोत्सव अवधिमा लाखौंको आलु बिक्री गर्ने योजनामा किसान छन् । व्यावसायिक कृषिको प्रवर्द्धनका साथै हेम्जालाई कृषि-पर्यटनको 'हब'का रूपमा चिनाउने उद्देश्यले महोत्सव राखिएको आयोजक विष्णु पादुका क्लबका अध्यक्ष सुबिन श्रेष्ठले बताए ।

महोत्सवका लागि ५० टनभन्दा बढी आलु सङ्कलन गरिसकिएको उनको भनाइ छ । महोत्सव अवधिभर ८० टन आलु बेच्ने लक्ष्य लिइएको उनले बताए । महोत्सव आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । 'सुन्दर ठाउँ हेम्जा जाऔँ, आलुका स्वादिष्ट परिकार खाऔँ, आलु एक परिकार अनेक' भन्ने नाराका साथ महोत्सव आयोजना गरिएको हो । आलुलगायत ताजा तरकारीको बहृत् प्रदर्शनी, आलुका परिकारको प्रदर्शनी एवं बिक्री, आलुको पहाड निर्माण, कृषि झाँकीलगायत महोत्सवका आकर्षण रहेका छन् ।

किसानलाई लक्ष्य गरी माटो, बोटबिरुवा परीक्षण तथा रोगको निदान, कृषि उपज, बीउबिजन, कृषि यन्त्र, उपकरण आदिको प्रर्दशनी, कृषिसम्बन्धी सांस्कृतिक प्रस्तुति, कृषि बहस, कृषक सम्मानलगायत कार्यक्रम पनि राखिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनका अनुसार अवलोकनमा आउने सर्वसाधारणलाई आलुलगायत कृषि उपज किनमेलका लागि छुट्टै बिक्रीकक्ष निर्माण गरिएको छ ।

अध्यक्ष श्रेष्ठले महोत्सवमा कृषिमा ३० वटा व्यावसायिक 'स्टल' रहने जानकारी दिए । उनका अनुसार अन्य व्यापारिक 'स्टल' एक सय र रेष्टुराँका लागि १० 'स्टल' रहने छन् । 'कृषि पर्यटन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव राखिएको हो,' अध्यक्ष श्रेष्ठले भने । महोत्सवमा विविधता र आकर्षण थप्न मनोरञ्जनात्मक गतिविधि पनि समेटिएको छ । साङ्गीतिक प्रस्तुति, रमाइलो मेला, बाल उद्यान आदि राखिने क्लबले जनाएको छ । *रासस*


तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation - 1 (F)
2. Accountant-1 (F)
2. PRO-1 (M/F)

नोटः Bachelor in accounting, +2 pass, Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ वर्ष अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

Avion Human Resource Management Pvt. Ltd.
AVION श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: 977-1-4579363, 4599632, 9801000593, 9801000591
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ